# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाका चार वटा भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । ती मध्ये बुँदाटिपोट लेखाइ सिपसँग सम्बन्धित एक कार्यकलाप हो । आफूले अनुभव गरेको ज्ञान र प्राप्त गरेको ज्ञानलाई दीर्घकालीन रूपमा सुरक्षित राख्नका लागि लेखन सिपको आवश्यकता पर्दछ । यही लेखन सिपलाई विकास गराउनका लागि विभिन्न कार्यकलापमा अभ्यास गर्न लगाउनु आवश्यक हुन्छ । त्यसमध्ये बुँदाटिपोट लेखनकलाको एक महत्त्वपूर्ण कार्यकलापको रूपमा लिइन्छ । कुनै पनि पाठ्यपुस्तकबाट त्यसमा व्यक्त भएका मुख्यमुख्य कुरा टिप्नु नै बुँदाटिपोट हो यसरी बुँदाटिपोट गरेर आफूले पढेको कुरा र प्राप्त गरेको ज्ञान बढी उपलब्धि र व्यवस्थितको साथसाथै चिरस्थायी रहने गर्दछ । बुँदाटिपोटमा सङ्कथनका मूलभूत सूचना समावेश हुनुपर्दछ, र प्रमुख विषय छुट्नु हुँदैन ।

बुँदाटिपोट शब्दशब्द, समूहचिह्न, सङ्केत वा अन्य कुनै रूपमा गर्न सकिन्छ र यसरी गरिएको टिपोटलाई न्यूनतम बोधगम्यताका साथ अनुच्छेदको रूप दिन पनि सकिन्छ 'बुँदाटिपोट सिलसिलेवार, क्रमबद्ध, स्पष्ट र सङ्क्षिप्त हुनुपर्छ र यसमा असमापिका क्रियापदको प्रयोग हुनुपर्छ' (पौडेल, २०७० : ९९/१००) । बुँदाटिपोटले विद्यार्थीको सिर्जनात्मक, मौलिक र विश्लेषणत्मक क्षमताको विकास गराउने भएकाले बुँदाटिपोटको कार्यकलापको अभ्यास विद्यार्थीहरूलाई अनिवार्य निरन्तर रूपमा गराउनु आवश्यक छ ।

'बुँदाटिपोटबाट शिक्षकको व्याख्यान टिपोट गर्न कुनै विशिष्ट वक्ताका भनाइहरू वा भाषण मन्तव्यहरूलाई सङ्क्षिप्त रूपमा टिपोट गर्न विभिन्न स्रोतबाट प्राप्त ज्ञानलाई सम्झन कुनै कृति वा रचनाको विषयवस्तु सम्झन र थोरै शब्दमा धेरै कुरा व्यवस्थित तरिकाले सम्झन एवम् टिपोट गरिएका ज्ञानका कुरालाई व्यवस्थित तरिकाले राख्न सहयोग पुग्छ' (श्रेष्ठ र अन्य, २०७३ : २४५) ।

माध्यमिक तह कक्षा दशका पाठ्यक्रममा बुँदाटिपोट भाषिक सिपका सम्बन्धमा पढेका विषयमा मुख्यमुख्य बुँदाटिपोट गर्न र लेखाइ सिप अन्तर्गत रहेको छ ( पाठ्यक्रम

विकास केन्द्र २०७१ : ३२ ) । अनुसन्धानको अध्ययन पुरा गरिसकेपछि त्यसको व्यवस्थित गर्ने कार्य अुसन्धान प्रतिवेदन लेखनमा हुने हुँदा यहाँ धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा शोध कार्य गरिएको छ ।

## १.२ समस्याकथन

बुँदाटिपोट लेखन सिपसँग केन्द्रित रहेको हुँदा बुँदाटिपोटले लेखन क्षमताको विकास गर्न सहयोग गर्दछ । कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्था कस्तो छ भन्ने कुरा यस अनुसन्धानमा मुख्य समस्याको रूपमा रहेको छ । उक्त समस्या पत्ता लगाई समाधानका उपायहरू प्रस्तुत शोधपत्रमा खोजी गरिएको छ । प्रस्तुत शोधपत्र मुख्य गरी निम्नलिखित समस्याहरूको अध्ययनमा केन्द्रित रहेको छ :

(क) धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता कस्तो छ ?

(ख) धनकुटा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति कस्तो छ ?

(ग) धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमता कस्तो छ ?

(घ) धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्र निम्न उद्देश्यमा केन्द्रित रहेको छ :

(क) धनकुटा जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पत्ता लगाउनु,

(ख) धनकुटा जिल्लाका सामुदायिक र संस्थागत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु,

(ग) धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको तुलना गर्नु,

(घ) धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोटको क्षमता पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य र उपयोगिता

भाषा सामाजिक वस्तु हो, जसको प्रयोग मानवले समाजमा गर्छ । भाषा एकअर्कामा विचार आदान प्रदान गर्ने माध्यम हो । लिखित र मौखिक प्रक्रियाको माध्यमबाट विचार र भावनाको आदान प्रदान गरिन्छ । सबैले प्रयोग गर्ने सजिलो भाषाको स्वरूप मौखिक रूप हो मौखिक भाषा क्षणिक र अल्पकालीन हुन्छ, लिखित अभिव्यक्तिको भाषा दीर्घकालीन हुन्छ । त्यसैले लिखित अभिव्यक्तिलाई औपचारिक, भरपर्दो र विश्वसनीय माध्यमको रूपमा लिइन्छ । कुनै पनि व्यक्ति सम्पूर्ण पक्षमा दक्ष छ तर लेखाइमा कमजोर छ भने उसले समाज एवम् भावी सन्ततिहरूलाई मार्गदर्शन गर्न सक्दैन, किनकि सम्पूर्ण प्रतिभाको प्रचारप्रसार उनीहरूकै लेख रचनाबाट गर्नुपर्ने हुन्छ । पद, पदावली, शब्दार्थ, व्याकरण एवम प्राविधिक अनभिज्ञले गर्दा खोजेको कुरा बोलाइबाट स्पष्ट हुन सक्दैनन् । 'व्याकरणगत, शब्दगत, अर्थगत आदि त्रृटिले गर्दा भनाइका तात्पर्य विपरीत ध्रुवजस्तो हुन्छ यस्ता त्रुटिहरू नहोऊन्, भविष्यका जिम्मेवार तरुण वर्गले भाषिक अशुद्धताको कारणबाट प्राप्त अनुभव एवम ज्ञान अरूलाई दिँदा कुनै किसिमको भ्रम र अस्पष्टता नआओस् भन्नका लागि पनि लेखाइ शिक्षण अति महत्त्वपूर्ण भएको हो' (लम्साल र अन्य २०६७ : १४४) । लेखाइ सिप यस्तो भरपर्दो माध्यम हो जुन मान्छे मरेर गएपनि उसले लेखेको रचना र सिर्जना गरेका कहिल्यै मरेर जादैन जन्म जन्म अमर रहिरहन्छ ।

आफ्नो भावना विचारलाई जीवन्त बनाउनुछ भने लेखाइ सिपलाई स्पष्ट बनाउनु जरुरी छ । वर्णविन्यास, क्रमबद्ध र भन्न खोजेको कुरा स्पष्ट हुनु लेखाइ सिपमा हुनुपर्ने गुण हो । यस्ता गुणबाट दक्ष हुनका लागि लेखाइ सिपको अभ्यास गर्नु जरुरी छ । लेखाइ सिपको विकास कसरी गराउने भन्ने सन्दर्भमा विभिन्न कार्यकलापहरू गर्न लगाइन्छ । ती विभिन्न कार्यकलापहरू मध्ये बुँदाटिपोट पनि प्रमुख कार्यकलाप हो । बुँदाटिपोटको अभ्यासले कुनै पनि कुरालाई क्रमद्ध, स्पष्ट, सिलसिलाबद्ध, सङ्क्षिप्त र असमापिका क्रियाको प्रयोग गरेर वाक्य बनाउन सक्ने क्षमताको विकास गराउँछ । आफूले पढेका, सुनेका, र अनुभव गरेका कुराबाट मुख्य कुराको टिपोट गर्न, भाषिक क्षमतामा दक्ष बनाउन, सिर्जनात्मक क्षमताको विकास गर्ने भएकाले बुँदाटिपोटको अभ्यास गराउनु औचित्यपूर्ण छ । तल्ला कक्षामा यसको

उपयोगी नभएपनि माथिल्ला कक्षामा त निर्विकल्प नै हो । यसले लिखित अभिव्यक्तिलाई परिष्कार र परिमार्जन गर्दै विद्यार्थीहरू सिर्जनशील बन्न सहयोग गर्दछ र शुद्ध मानक भाषाको प्रयोग गर्न सहयोग पुऱ्याउने हुँदा शिक्षक, विद्यार्थी तथा सम्पूर्णलाई यो अध्ययन उपयोगी देखिन्छ । सही निर्णय र फैसला गर्न, अन्यायलाई विरोध गरेर न्यायको पक्षमा वकालत गर्न बुँदाटिपोटले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । समसामयिक जीवनमा अरूले आफ्नो पक्षमा के बालिरहेका छ आफ्नो भनाइलाई समर्थन गरेको छ कि खण्डन गरेको छ सजिलै रूपमा अरूको राय बुझनका लागि पनि बुँदाटिपोटको अभ्यास गर्नु औचित्यपूर्ण छ ।

## १.५ सीमाङ्कन

प्रस्तुत शोधपत्र निम्नक्षेत्रमा मात्र सीमित रहेका छन् :

(क) २०७४ सालमा धनकुटा जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय गरी १०० जना विद्यार्थीको क्षमता अध्ययनसँग मात्र केन्द्रित छ ।

(ख) धनकुटा जिल्लाका नगरपालिका र महालक्ष्मी नगरपालिका भित्रका विद्यालयमा मात्र यो अध्ययन सीमित छ ।

(ग) धनकुटा जिल्लाका विद्यार्थीहरूको विद्यालय प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिलाई मात्र तुलनाको आधार बनाइएको छ ।

(घ) धनकुटा जिल्लाको विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको मात्र अध्ययन गरिएको छ ।

## १.६ शोधको रूपरेखा

प्रस्तुत शोधपत्र जम्मा आठ अध्यायमा संरचित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता

अध्याय पाँच : धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिको आधारमा बुँदाटिपोट क्षमता

अध्याय छ : धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा बुँदाटिपोट क्षमता

अध्याय सात : धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिको आधारमा बुँदाटिपोट क्षमता

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री

परिशिष्ट (क-ग)

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्नु अगि यस विषयसँग सम्बन्धित गरिएका अध्ययनमा अनुसन्धानको विषय पूर्ण छ कि छैन केकस्ता विधिहरू अपनाएका छन् भनेर गरिने अध्ययन नै पूर्वकार्यको समीक्षा हो । पहिले अनुसन्धान भइसकेको शोधपत्र तथा प्रकाशित भएका पुस्तकहरूको अध्ययन गर्दा यस अध्ययनलाई आवश्यक पर्ने तरिकाहरूको जानकारी पाउने हुँदा अनुसन्धान सरल रूपमा गर्न सकिन्छ, त्यसैले यस शीर्षकसँग सम्बन्धित पुस्तक र शोधकार्यको समीक्षा गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

अनिवार्य नेपाली विषय स्थायी समिति (२०६६) द्वारा ‘अनिवार्य नेपाली शिक्षणनिर्देशिका’ पुस्तक प्रकाशित गरिएको छ । यसमा नेपाली अक्षर संरचना, नेपाली वर्ण विन्यास, शब्दनिर्माण, साहित्य रचना, निबन्ध रचना र बुँदाटिपोटजस्ता विभिन्न व्याकरणका विषयमा विस्तृत जानकारी दिइएको छ । यस शोधपत्रसँग सम्बन्धित शीर्षक पनि समावेश गरिएको छ । यसमा बुँदाटिपोट गर्नाको उद्देश्य, बुँदाटिपोटको परिचय, बुँदाटिपोटको चरण, बुँदाटिपोटका शिक्षण गर्ने तरिका र प्रक्रियासमेत उल्लेख गर्दै बुँदाटिपोटको बारेमा सम्पूर्ण जानकारी यस पुस्तकमा उल्लेख गरेको हुँदा बुँदाटिपोट क्षमताको विकास गर्नका लागि यो पुस्तक धेरै नै उपयोगी भएको छ ।

लम्साल र अन्य (२०६७) ‘नेपाली भाषा शिक्षण’ पुस्तकमा लेखन सिप विकासका लागि अपनाइने बुँदाटिपोट एक महत्त्वपूर्ण कार्यकलाप हो भन्ने उल्लेख गरिएको छ । यसमा लेखन सिपको औचित्यको बारेमा स्पष्ट गरिदिएको छ र बुँदाटिपोटका परिचय, बुँदाटिपोट केका लागि आवश्यक हुन्छ र बुँदाटिपोाट गर्ने तरिकाको बारेमा जानकारी दिइएको पाइन्छ । यसमा बुँदाटिपोट गर्ने तरिका तथा लेखन सिपको बारेमा जानकारी हुनाले प्रस्तुत अध्ययन सम्पन्न गर्न सहयोग गरेको छ ।

न्यौपाने (२०६७) 'अनिवार्य नेपाली' पुस्तकमा बुँदाटिपोटका परिभाषा, बुँदाटिपोट के का लागि उपयोगी हुन्छ भन्ने बारेमा प्रष्ट गरिएको छ । यस पुस्तकमा बुँदाटिपोट सम्बन्धी सम्पूर्ण जानकारी पर्याप्त मात्रामा भएकाले प्रस्तुत शोधपत्रको लागि उपयोगी भएको छ ।

ढुङ्गेल र दाहाल (२०७०) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा लेखाइ शिक्षणका कार्यकलापका बारेमा जानकारी दिइएको छ । लेखाइ शिक्षणको उपयोगिता र आवश्यकताको बारेमा पनि उल्लेख गरिएको छ र बुँदाटिपोटको परिचय, प्रयोजन र तरिका समेत उल्लेख गरिएको छ । बुँदाटिपोट माथिल्लो कक्षामा विद्यार्थीहरूलाई लेखाइ शिक्षणका निम्ति उपयोगी हुन्छ भनेर उल्लेख गरिएको छ । सैद्धान्तिक सामग्री निर्माण गर्नका लागि सहयोग पुगेको छ ।

श्रेष्ठ र अन्य (२०७०) द्वारा 'स्नातक तह अनिवार्य' नेपाली नामक पुस्तक प्रकाशन गरिएको छ, उक्त पुस्तकमा बुँदाटिपोटको अवधारणा बुँदाटिपोटको प्रक्रिया र तरिका, बुँदाटिपोटको नमुना र बुँदाटिपोट गर्नका लागि सम्बन्धित अभ्यासहरू गर्नका लागि नमुना दिइएको छ । जसले बुँदाटिपोट शिक्षणमा धेरै नै सहजता पर्‍याउँछ । यसभित्र विद्यार्थीहरूको पढाइ, लेखाइका लागि गर्नुपर्ने सम्पूर्ण कार्यकलापहरू उल्लेख गरिएको छ

निरौला र निरौला (२०७३) द्वारा 'अनिवार्य नेपाली' पुस्तकमा बुँदाको परिचय, बुँदाटिपोटको प्रकारमा लिखित र मौखिकको नमुना र बुँदाटिपोट गर्दा कुनकुन कुरामा ध्यान दिनुपर्छ र बुँदाटिपोटको नमुना कस्तो हुन्छ त्यसको खाका समेत उल्लेख गरिएको छ बुँदाटिपोटसँग सम्बन्धित सम्पूर्ण विषयवस्तुहरू यस पुस्तकमा उल्लेख गरिएको हुँदा यो पुस्तक पनि प्रस्तुत शोधपत्रका लागि उपयोगी बनेको छ । सैद्धान्तिक अवधारणा निर्माणका लागि उपयोगी छ ।

### २.१.२ शोधकार्यको समीक्षा

शोधकार्य भनेको शोधकार्यसँग सम्बन्धित शीर्षकमा गरिएको अनुसन्धनात्मक कार्यलाई शोधकार्य भनिन्छ । प्रस्तुत शोधपत्रसँग सम्बन्धित समीक्षालाई यसरी उल्लेख गरिएको छ :

पोखरेल (२०६६) द्वारा 'कक्षा आठ उत्तीर्ण गरेका विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन' नामक शीर्षकमा शोध तयार पारिएको छ । उक्त शीर्षकको

उद्देश्य कक्षा आठ उत्तिर्ण गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता अभिव्यक्तिको अध्ययन ग्रामीण, सहरी, छात्र, छात्रा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरी अध्ययनमा देखिएका कमिकमजोरी हटाउन सुझाव दिनु रहेका छन् । क्षेत्रीय सामग्री सङ्कलन विधिको आधारमा निजि र सरकारी गरी जम्मा १० वटा विद्यालयमा १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीलाई वादविवाद लेखनमा अभ्यास गराएर अध्ययन गरिएका विभिन्न श्रेणीको आधारहरू मध्ये मध्यम स्तरमा सबभन्दा बढी र निम्न स्तरमा सबै भन्दा कम रहेका छन् । लैङ्गिकताका आधारमा छात्राको भन्दा छात्रको स्तर राम्रो देखिन्छ, सरकारी विद्यालयका विद्यार्थीको भन्दा निजी विद्यालयका विद्यार्थीको राम्रो र ग्रामीण र सहरी विद्यालयका विद्यार्थीहरूमा सहरी विद्यालयका विद्यार्थीको स्तर राम्रो रहेको पाइन्छ । उक्त अध्ययन विद्यार्थीको लेखन क्षमतासँग केन्द्रित भएकाले यस शोधपत्र पनि लेखन सिपसँग सम्बन्धित भएको हुँदा आधार सामग्री निर्माणका लागि सहयोगी बनेको छ ।

गौतम (२०६७) द्वारा ‘कक्षा १२ मा अध्ययनरत विद्यार्थीको सारांशलेखन क्षमताको अध्ययन’ नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखनक्षमताको अध्ययन गर्नु रहेको छ । जनसङ्ख्या प्रतिनिधि नमुना र तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरी ४ वटा विद्यालयका १५/१५ जना विद्यार्थीका दरले ६० जना विद्यार्थीहरूमाझ गरिएको छ । ४ वटा विद्यालयका विद्यार्थीको सारांश लेखन क्षमता स्तर बढी मात्रामा सन्तोषजनक रहेको देखिएको छ । संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको सारांश लेखन क्षमताको स्तर राम्रो रहेको छ । यस शोधपत्र लेखन सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधपत्रमा सामग्री निर्माण गर्नका लागि सहयोग पुगेको छ ।

शाही (२०७१) द्वारा ‘जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन’ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिको आधारमा र लैङ्गिकताको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु प्रमुख उद्देश्य रहेको छ । जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट र सामग्री निर्माणका आधारमा अनुसन्धान गरिएको छ । चारवटा संस्थागत र चारवटा सामुदायिक विद्यालयमा १०/१० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूको प्रत्यक्ष सहभागितामा अनुसन्धान गरिएको छ । तुलनात्मक रूपले अध्ययन गर्दा संस्थागत

विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएको थियो । छात्राको भन्दा छात्रको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ । मूल भाव मौलिकता र क्रमबद्धता खासै ध्यान नदिएको देखिएकाले लेखाइ सिपमा ध्यान दिनु पर्ने सुझाव दिइएको पाइयो । प्रस्तुत अध्ययन शीर्षक उस्तै भएकाले यस अध्ययनबाट सामग्री विश्लेषणका लागि सहयोग पुगेको छ ।

भण्डारी (२०७२) द्वारा 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोधपत्र पनि प्रस्तुत शाधपत्रसँग लेख्य रूपमा मिल्दो जुल्दो छ । यस शोधको उद्देश्य बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु रहेको छ । जनसङ्ख्या छनोट प्रतिनिधि जनसङ्ख्या छनोटमा क्षेत्रीय विधिको प्रयोग गरी १० वटा विद्यालयमा ८ /८ जना गरी जम्मा ८० जना विद्यार्थीहरूको प्रत्यक्ष सम्पर्क गरी अध्ययन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूमा विषयवस्तु भाषाशैली संरचना र वर्णविन्यास आदिका आधारमा अनुच्छेद लेखन पहिचान गर्दा संस्थागत विद्यालय नै अगाडि आउँछ । सामुदायिक विद्यालयका विद्यार्थीहरूमा खासै भिन्नता देखिएको छैन । यस शोधकार्य प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन कार्यमा उपयोगी देखिएको छ ।

कोइराला (२०७३) द्वारा 'सिन्धुपाल्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' नामक शोधपत्र तयार गरिएको छ । यस शोधको उद्देश्य सिन्धुपाल्चोक जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, छात्र छात्रा र विद्यालय प्रकृतिको आधारमा तुलनात्मक अध्ययन गर्नु रहेको छ । जनसङ्ख्या नमुना छनोट र सामग्री निर्माणको विधि प्रयोग गरी १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरी अध्ययन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयमा पठनपाठन एकरूपता नपाइएको हुँदा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता त्यति सन्तोषजनक नरहेको पाइयो । विद्यालय प्रकृतिको आधारमा दुई वटा विद्यालयको तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । लैङ्गिकताको आधारमा हेर्दा छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमता सबै भन्दा तल्लो श्रेणीमा ५ प्रतिशत र सबै भन्दा माथिल्लो श्रेणीमा १२ प्रतिशत रहेको हुँदा सिन्धुपाल्चोक जिल्लामा अध्ययनरत छात्रा विद्यार्थीहरूको

बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । एउटै विद्यालयमा एउटै शिक्षकले एउटै विधिमा अध्यापन गराउँदा पनि छात्राभन्दा छात्रको लेखन क्षमता कमजोर रहेको पाइएको छ जसको कारण छात्रभन्दा छात्राहरू बढी लगनशील देखिएको छ । प्रस्तुत अध्ययनबाट सामग्री निर्माण गर्न र विश्लेषण गर्नका लागि सहयोग पुगेको छ ।

निरौला (२०७३) द्वारा 'तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूका निबन्ध लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । जनसङ्ख्या र नमुना छनोट अनि सामग्री छनोट र निर्माण विधिको आधारमा उक्त शोधपत्र तयार गरिएको छ । सामुदायिक र संस्थागत गरी जम्मा ४ वटा विद्यालयमा विद्यार्थी १०/१० जनाका गरी जम्मा १०० जना छात्र र छात्राहरूलाई नमुना जनसख्याको रूपमा लिइएको छ । संस्थागत र समुदायको विद्यालयको तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमता स्तर राम्रो रहेको पाइएको छ । छात्र र छात्राहरूमा खासै भिन्नता नरहे पनि छात्राहरूको स्तर अलि राम्रो पाइएको छ । यस शोधपत्र पनि प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलनमा उपयोगी हुने देखिएको छ ।

पुन (२०७३) द्वारा 'रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य रुकुम जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक संस्थागत विद्यालयका विद्यार्थीहरूको लैङ्गिक आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु र अध्ययनका क्रममा देखिएका कमीकमजोरीलाई समाधानका उपाय बताइदिनु रहेको छ । क्षेत्रीय अध्ययन विधिको आधारमा १० वटा विद्यालयमा १०/१० जना विद्यार्थीको दरले १०० जना विद्यार्थीमा अनुसन्धान गरी यस शोधपत्र तयार तयार गरिएको छ सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक अध्ययनको निष्कर्ष निकाल्दा संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएको छ । त्यसै गरी विद्यालयका प्रकृतिको आधारमा पनि संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएको छ । सबै भन्दा बढी अङ्क ल्याउने ५४ र कम अङ्क ल्याउने ४६ रहेको छ ।

प्रस्तुत अध्ययन र प्रस्तुत शोधपत्रको शीर्षक मिलेको हुनाले प्रस्तुत शोधपत्रका लागि तथ्याङ्क विश्लेषण गर्न नै उपयोगी हुने देखिएको छ ।

पोखरेल (२०७३) द्वारा 'बी.एड.प्रथम वर्षका विद्यार्थीका लागि बधाइ लेखन क्षमताको अध्ययन' नामक शीर्षकमा शोध तयार गरिएको छ । यस शोधको उद्देश्य बी.एड प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा बधाइ लेखन क्षमता पत्ता लगाई कमीकमजोरीमा राय सुझाव दिनु रहेका छन् जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन तथा व्याख्या विश्लेषण विधिको प्रयोग गरी ५ वटा आङ्गिक र ५ वटा सम्बन्धन क्याम्पसलाई छनोट गरी १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीमाझ अध्ययन गरिएको छ । यसमा छात्र ४२ प्रतिशत विद्यार्थीले ५६–७५ अङ्क प्राप्त गरेका छन् र छात्राले ४२ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत अङ्क प्राप्त गरेका छन् । छात्र र छात्राहरूको बधाइ लेखन क्षमता तुलना गर्दा उस्तै उस्तै परिणाम देखिन्छ अति उत्तम र निम्नको तुलनामा छात्रको भन्दा छात्राहरूकै निकै राम्रो देखिन्छ । यो अध्ययन लेखन सिपसँग सम्बन्धित रहेकाले प्रस्तुत अध्ययनका आधार सामग्री निर्माण गर्न सहयोग पुगेको छ । न्यौपाने (२०७३) द्वारा 'काभ्रे जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा काभ्रे जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन तथा विश्लेषण गर्नु रहेको छ । जनसङ्ख्या नमुना छनोट, तथ्य सङ्कलन र व्याख्या विश्लेषण विधिको प्रयोगमा ६ वटा विद्यालयका ९० जना विद्यार्थीहरूसँग प्रत्क्षय सम्पर्क राखी अनुच्छेद लेखनमा अनुसन्धान गरिएको थियो । जम्मा ४० पूर्णाङ्कका परीक्षणमा मध्यमान ४६.११ र मानक विचलन १३.४५ देखिएको छ । यस तथ्याङ्कको आधारमा हेर्दा विद्यार्थीको भाषिक प्रस्तुति शैली, शुद्वता र विषयवस्तुको संयोजन खासै सन्तोषजनक नभई मध्यम खालको भएको कारण लेखनकला धेरै नै सुधार गर्नु पर्ने देखिन्छ । लेखाइ सिप र भाषिक पृष्ठभूमिका बारेमा यस शीर्षकमा अनुसनधान गरिएको हुँदा प्रस्तुत शोधपत्रलाई सामग्री सङ्कलन गर्नका लागि सहयोग पुगेको छ ।

राई (२०७३) द्वारा 'इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त

शोधपत्रको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु र बुँदाटिपोटमा देखा परेका समस्याहरू पत्ता लगाई समाधानका लागि सुझाव दिनु रहेको छ क्षेत्रीय अध्ययन विधिको आधारमा यस शोध तयार गरिएको छ । ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरू लिएर माध्यमिक तहका र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरूको बुँदाटिपोटका तुलनात्मक अध्ययन गरिएको थियो । यसमा सामुदायिक विद्यालय र संस्थाागत विद्यालयमा अध्ययनरत विद्यार्थीको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता धेरै राम्रो रहेको पाइन्छ । प्रस्तुत अध्ययनबाट तथ्याङ्कको विश्लेषण गर्न सहयोग पुगेको छ ।

## २.२ बुँदाटिपोटको सैद्धान्तिक अवधारणा

मौखिक र लिखित अभिव्यक्तिको बोधात्मक एकाइको बुँदा हो । त्यही बोधात्मक एकाइको टिपोटलाई बुँदाटिपोट भनिन्छ (अनिवार्य नेपाली विषय समिति २०६६ : ६८) । बुँदाटिपोट भनेको के हो, बुँदाटिपोट कुनकुन प्रयोजनका लागि गरिन्छ, बुँदाटिपोटको परिभाषा र बुँदाटिपोटको महत्त्वलाई निम्नानुसार उल्लेख गरिएको छ :

### २.२.१ बुँदाटिपोटको परिचय

समाजमा कुनै न कुनै भाषालाई मानिसले आफ्नो दैनिक क्रियाकलापको आफ्नो अभिन्न अङ्गको रूपमा प्रयोग गर्दै आएको पाइन्छ । यसले गर्दा सामाजिक सम्पर्कको माध्यम बन्न जान्छ, भाषा उच्चार्य रूपमा मात्र प्रयोग गरेर जीवन्त हुन सक्दैन त्यसैले भाषालाई जीवन्त बनाउनका लागि लिखित रूपमा प्रयोग गर्नु आवश्यक छ । भाषालाई विकसित रूपमा अघि बढाउनका लागि भाषिक सिपको आवश्यकता पर्दछ, भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिपहरू भाषिक सिपका लागि अत्यन्त आवश्यक छ । दिगो रूपमा विकास गर्नका लागि लेखाइ सिपलाई महत्त्वपूर्ण मानिन्छ । लेखाइ सिपले भाषालाई जीवन्त र चिरस्थायीका साथसाथै भाषिक कुशलता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ । लेखाइ सिपलाई प्रभावकारी बनाउनका लागि विभिन्न कार्यकलापको शिक्षण गर्नुपर्दछ । जसमध्ये एक कार्यकलाप हो बुँदाटिपोट । कुनै कुराको लिखित रूपमा वर्णन गर्नु भन्दा पहिले त्यसमा समावेश गर्नुपर्ने मुख्यमुख्य कुराको टिपोट गराउनु वा कुनै पाठ्य

सामग्री पढेर त्यसमा व्यक्त भएका मुख्यमुख्य कुरा टिप्नु पनि लेखाइको आधारभूत क्रियाकलाप हुन् ।

कुनै पनि पाठ्य सामग्रीलाई राम्ररी अध्ययन गरी मर्म बुझेर मुखयमुख्य कुरालाई बुँदागत रूपमा उतार्नु बुँदाटिपोट हो । बुँदाटिपोटबाट मूलतः विद्यार्थीहरूको मौलिक क्षमतालाई बढाउनुको साथै कुनै पनि परिच्छेदको सारभूत कुरा पत्ता लगाउने क्षमताको विकास हुन्छ (निरौला र निरौला, २०७३ : १४८) । कुनै पनि विषयवस्तुलाई पढेर, सुनेर र हेरेर मात्र टिपोट गरिएन भने ती विषयवस्तुलाई बिर्सिन्छ त्यसैले आफुले जानेका कुरालाई चिरस्थायी राख्नका लागि बुँदाटिपोट गर्नु आवश्यक हुन्छ । लेखाइ सिपले भाषालाई युगौं युगसम्म जीवन्त र चिरस्थायी राख्नको लागि धेरै सहयोग गर्दछ । आफ्नो कलालाई आफ्नो भावी पुस्ताले समेत पल्टाएर हेर्नका लागि मौका मिल्दछ । त्यसैले लेखाइ सिपलाई यदि जीवन्त राख्नु छ भने लेखाइ सिपका विभिन्न कार्यकलापहरू गर्नु एकदमै जरुरी छ त्यसमध्ये महत्त्वपूर्ण कार्यकलाप बुँदाटिपोट हो ।

### २.२.२ बुँदाटिपोटको परिभाषा

अध्ययनका क्रममा कुनै पनि विषयलाई विश्लेषण गर्नुपरेमा सहजताका लागि टिपिएको बुँदालाई बुँदाटिपोट भनिन्छ । बुँदाटिपोटले धेरै विषयवस्तुबाट थोरै विषयवस्तु निकाल्न, मुख्य विषयलाई मात्र समेटेर विषयवस्तुको विश्लेषण गर्नका लागि सहयोग गर्दछ । मौखिक प्रक्रिया सबै सर्वसाधरणले पनि प्रयोग गर्छन भने लिखित प्रक्रिया सामान्यभन्दा माथिल्लो स्तरका व्यक्तिले मात्र प्रयोग गर्न सक्छन् जसले अक्षर चिनेका हुन्छन् । ‘यसका लागि शब्द लिपि अर्थ एवम् वाक्य संरचनाको पूर्ण ज्ञान हुनु जरुरी छ (लम्साल र अन्य २०६७ : १४७) । लेखनकलाको विकास माध्यमिक तहदेखि सुरू गरी उच्च तहसम्म पनि लेखन कलाको विकास गराउनका लागि विभिन्न अभ्यासहरू गर्न लगाइन्छ । जसले विद्यार्थीलाई सिर्जनशीलता बढाएर बौद्धिक क्षमता तीव्र गतिमा चल्न सक्ने क्षमताको विकासमा मद्दत गर्दछ । यस्ता लेखनको विकास गराउनका लागि विभिन्न कार्यकलापहरू गर्न लगाइन्छ । ती कार्यकलापहरूमा अनुच्छेद लेखन, टिप्पणी लेखन, समीक्षा लेखन, प्रतिवेदन लेखन, सिर्जनात्मक लेखन, निबन्धलेखन र बुँदाटिपोटजस्ता कार्यकलापहरू रहेका छन् ।

बुँदाटिपोट लेखनकला विकासका लागि प्रमुख साधन मानिन्छ । बुँदाटिपोट गर्नाले आफूले जानेका कुराहरू बिर्सनबाट बचाउँछ र गहन अध्ययन गर्ने बानीको विकासको साथसाथै सिर्जनशीलता, मौलिकता र तार्किक क्षमताको विकासमा मद्धत पु-याउँछ । मौखिक वा लिखित अभिव्यक्तिको बोधात्मक एकाइ बुँदाको अंश हो, त्यही बोधात्मक एकाइको टिपोट गर्नु नै बुँदाटिपोट हो (अनिवार्य नेपाली विषय स्थायी समिति २०६६ : ८६) । लेखाइ सिपको विकास नभएसम्म विद्यार्थीको मौलिक, सिर्जनात्मक तथा अभिव्यक्ति क्षमताको बोध हुन सक्दैन । लेखाइ सिप विकासका लागि आवश्यक पर्ने बुँदाटिपोट महत्त्वपूर्ण कार्यकलाप हो । बुँदाटिपोट सिलसिलेवार, क्रमबद्ध, स्पष्ट र संक्षिप्त हुनुपर्छ र यसमा असमापिकाको प्रयोग हुनुपर्छ (पौडेल (२०७० : १००) । कुनै पनि लामो लेखबाट छोटो र सारभूत कुराको निचोड निकाली क्रमबद्ध रूपमा लेख्ने बानीको विकास हुन्छ । बुँदाटिपोटको अभ्यासलाई निरन्तरता दिइएमा विद्यार्थीको वर्णविन्यास, सिर्जनशीलता, शुद्धता र स्तरीयता लेखन सिपको विकासमा पु-याउँछ । त्यसै गरी घर समाजको फैसला देखि लिएर उच्च अदालत सम्ममा अरूलाई न्यायको फैसला सुनाउन सक्ने सही विचारधाराको निर्माण बुँदाटिपोटको अभ्यासबाट हुन्छ । बुँदाटिपोट भनेको मुख्य र अनिवार्य कुराको टिपोट गर्नु सही कुराको पहिचान गर्नु हो । लामा लामा अनुच्छेदबाट छोटा र छरितो अनुच्छेद बनाउनु बुँदाटिपोटको अर्को परिभाषा हो ।

नेपाली बृहत् शब्दकोश (२०६० : ९१७) बुँदा ना(स० बिन्दु) वादविवादमा आफ्नो पक्षको सर्मथन वा प्रमाणका निम्ति प्रस्तुत गरिने मुख्य कुरा; मूल विषय; गाँठी कुरो । २ कागतपत्र वा लेखमा लेखिने मुख्य कुरो; मूल विषय प्रकरण । टिपोट -ना० (स०) १ कुनै एक छोटकरीमा लेखिएको लेख; २ सङ्क्षेपमा लेख्ने काम; टिपाइ । ३ सिलाइको एक किसिमको ढाँचा ।

समग्रमा बुँदाटिपोट भनेको दिइएको विभिन्न विषयवस्तुमध्ये मुख्य कुराको टिपोट गर्नु र मूल भाव पहिचान गरी सही कुराको पत्ता लगाउनु नै बुँदाटिपोट हो । पढेका सुनेका विषयवस्तुलाई बुझेर विषयवस्तुले भन्न खोजेको कुरालाई टिपोट गर्न नै बुँदाटिपोट हो ।

### २.२.३ बुँदाटिपोटको महत्त्व

बुँदाटिपोट लेखन सिपसँग सम्बन्धित एक महत्त्वपूर्ण कार्यकलाप हो । कुनै कुराको लिखित रूपमा वर्णन गर्नुभन्दा पहिले त्यसमा समावेश गर्नुपर्ने मुख्यमुख्य कुराको टिपोट

गर्नसक्ने क्षमताको विकास गराउने भएकाले बुँदाटिपोटको महत्त्व रहन्छ । बुँदाटिपोटले निम्न कार्यमा सहयोग गर्ने हुँदा महत्त्व रहन्छ :

- बुँदाटिपोटले सुनेका पढेका कुरा सम्झनका लागि सहयोग गर्दछ ।
- लेखन क्षमताको विकास गर्न र आफूले पढेका कुराहरू स्मरण गराउदछ ।
- गहन पठन विकास गर्न र लेखाइलाई क्रमबद्ध अर्थ स्पष्टता, व्यवस्थित र प्रभावकारी बनाउँदछ ।
- धेरै विषयवस्तुबाट सार कुराको मात्र टिपोट गर्न, सिर्जनात्मक क्षमताको विकास गराउँदछ ।
- अनेक स्रोतबाट विद्यार्थीले प्रत्येक दिन प्राप्त गरेको ज्ञान आवश्यक समयमा सम्झनका लागि बुँदाटिपोटले सहयोग गर्छ ।
- कुनै कृति पढेर गरिएको बुँदाटिपोटले आवश्यक समयमा उक्त कृतिको विषयवस्तु सम्झन सहयोग पुऱ्याउँछ ।
- मौखिक र लिखित विषयवस्तुको मुख्य र गौण कुरा छुट्याउने अभ्यास गराउँदछ ।
- कुनै लेखरचना पुस्तकको रचना गर्नका लागि पूर्व योजना बनाउन सहयोग गर्दछ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधिको परिचय

धनकुटा जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरू प्रतिनिधि नमुना छनोट गरी दश वटा विद्यालयको अध्ययन गरिएको छ । विद्यार्थीहरूसँग प्रत्यक्ष सहभागितामा बुँदाटिपोट गराई उक्त कार्यबाट आएको परिणामको तुलनात्मक छलफल गरी स्तर पहिचान गरिएको छ । त्यसै गरेर आवश्यक परेको खण्डमा विद्यालय शिक्षक तथा सम्बन्धित विषय शिक्षकसँग सल्लाह सुझाव लिएर यस अध्ययनको अनुसन्धान गरिएको छ ।

### ३.१.१ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनलाई क्षेत्रीय अनुसन्धान विधिको आधारमा निम्नानुसारका विधि तथा सामग्री सङ्कलन गर्ने कार्य गरिएको छ । धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये जनसङ्ख्या प्रतिनिधि नमुना छनोट गरी जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीको प्रत्यक्ष सहभागितामा अनुच्छेद लेखन कार्य गराई उक्त कार्यबाट आएको परिणामको तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरेर क्षमता पहिचान गरिएको छ ।

### ३.१.२ जनसङ्ख्या पहिचान

प्रस्तुत अध्ययन अनुसन्धानमा धनकुटा जिल्ला कक्षा दशमा पढाइ हुने सम्पूर्ण विद्यालय र कक्षा दशमा पढ्ने सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.१.३ प्रतिनिधि नमुना छनोट र प्रक्रिया

यस शोधका लागि आवश्यक सामग्री सङ्कलन गर्न नमुना जनसङ्ख्याको रूपमा धनकुटा जिल्लाका परिशिष्टमा राखिएको पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयको नमुना छनोट गरिएको छ । ती छनोटमा परेका १० वटा विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको छ ।

### ३.१.४ तथ्याङ्क सङ्कलनका स्रोत

प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी सामग्री सङ्कलन गर्ने दुई तरिका छन् । यो अनुसन्धान विद्यार्थीको लेखाइ सिपसँग सम्बन्धित भएकाले विद्यार्थीको लेखन क्षमता पहिचान गर्नका लागि सम्बन्धित क्षेत्रमा गएर लेखन सिपको परीक्षण गरी तथ्य सङ्कलन गरिएको छ ।

#### ३.१.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा धनकुटा जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीसँग प्रत्यक्ष सम्पर्क राखी विद्यार्थीहरूलाई दिइएको अनुच्छेदबाट बुँदाटिपोट लेखन गर्न लगाइएको छ । उक्त लेखनबाट प्राप्त तथ्याङ्क नै यस अध्ययनको प्राथमिक स्रोत रहेको छ ।

#### ३.१.४.२ द्वितीय स्रोत

यस अनुसन्धानको द्वितीय स्रोतका रूपमा यसअघि भएका शोधपत्र, प्रकाशित पुस्तक, पत्रपत्रिका, पाठ्यपुस्तक र सन्दर्भ पुस्तकलाई द्वितीय स्रोतका सामग्रीका रूपमा लिइएको छ । नतिजा विश्लेषणलाई निष्कर्ष दिनका लागि विषय शिक्षक साथिहरूको सहयोग र सम्बन्धित विषयका शिक्षकहरूको सहयोग लिइएको छ ।

### ३.१.५ सामग्री निर्माण

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा परिशिष्टमा दिइएको 'रोगलाई सानो सम्झनु हुँदैन' भन्ने शीर्षकमा २०० शब्दको नमुना अनुच्छेद छनोट गरी सामग्री निर्माण गरिएको छ ।

### ३.१.६ पूर्व परीक्षण र नतिजा विश्लेषण

बुँदाटिपोट क्षमताको पहिचान गर्नका लागि औपचारिक रूपमा निश्चित समय र निश्चित पूर्णाङ्कमा प्रश्नपत्र बनाएको छ । यसमा ४५ पूर्णाङकमा १ घण्टा समय तोकेर प्रश्नको कार्यन्वयन गरिएको छ । पूर्वपरीक्षण गर्ने क्रममा छनोटमा परेका १० वटा विद्यालयहरू मध्येमा एउटा विद्यालय सिद्धेश्वरी मा.वि. विद्यालयमा १० जना विद्यार्थीलाई छनोट गरी ४५ मिनेटको समय तोकेर परीक्षा लिइएको छ । उक्त परीक्षाबाट प्राप्त नतिजाको आधारमा उनीहरूको प्राप्ताङ्कको स्तर निर्धारण गरिएको छ । स्तरमा निम्नतम, मध्यम र उत्तम गरी स्तर निर्धारण गरिएको छ ।

### ३.१.७ परीक्षण प्रक्रिया र अङ्कन प्रक्रिया

मानकीकृत प्रश्नपत्रलाई धनकुटा जिल्लाको १० ओटा विद्यालयका प्रत्येक प्रधानाध्यापकसँग प्रत्यक्ष सम्पर्कमा रही प्रत्यक्ष रूपमा विद्यार्थीसँग विद्यालयमा नै १०० जना विद्यार्थीमाझ ५० पूर्णाङ्कमा ४५ मिनेट समय तोकेर प्रश्नपत्रलाई कार्यान्वयन

गरिएको छ । प्रत्येक विद्यालयमा १०/१० जना गरी १०० जना विद्यार्थीहरूमाझ लिइएको परीक्षाबाट प्राप्त नतिजालाई निम्न प्रक्रिया निर्धारण गरिएको छ :

**अङ्कन प्रक्रिया**

| प्रश्न | विषयवस्तु | क्रमबद्धता | भाषिक शुद्धता | मुख्य भाव | मौलिकता | समापत |
|---|---|---|---|---|---|---|
| १ | १० | १० | ५ | १२ | ५ | ८ |

### ३.१.८ तथ्याङ्क सङ्कलन प्रक्रिया

सङ्कलन गरिएका तथ्याङ्कहरूको उपयुक्त व्यवस्थापन तथा विश्लेषण गर्नुपर्ने हुन्छ । जुन निम्न आधारमा गर्न सकिन्छ :

### ३.१.९ तथ्याङ्कको वर्गीकरण

तथ्याङ्क व्यवस्थापनको पहिलो चरण तथ्याङ्कको वर्गीकरण गर्नु हो । बुँदाटिपोट लेखन क्षमतासँग सम्बन्धित भएको हुँदा लैङ्गिकता, भाषिक पृष्ठभूमि, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीबाट प्राप्त तथ्याङ्को वर्गीकरण गरिएको छ ।

### ३.१.१० तालिकीकरण तथा विश्लेषण

तालिका निर्माण गरेर भिन्न भिन्न ढाँचामा प्रस्तुत गर्ने प्रक्रियालाई तालिकीकरण भनिन्छ । यस चरणमा सङ्कलित तथ्याङ्को शीर्षक, तालिका सङ्ख्या दिई तालिका निर्माण गरिन्छ । त्यसपछि अनुसन्धानको उद्देश्य अनुरूप प्रतिशत गणना, मध्यमानजस्ता साङ्ख्यिकीको प्रयोग गर्दै तथ्याङ्कको विश्लेषण गरिएको छ ।

मध्यमान गणना गर्दा निम्न सूत्रको प्रयोग गरिएको छ ।

मध्यमान $\overline{X} = \frac{\Sigma X}{N}$

$\bar{X} =$ मध्यमान

$\Sigma X =$ प्राप्ताङ्कको कुल योगफल

N=जम्मा विद्यार्थी सङ्ख्या

प्रतिशत गणना गर्न निम्न सूत्र प्रयोग गरिएको छ :

प्रतिशत $P=\frac{R}{N} \times$ १००

यहाँ P= प्रतिशत

**स्तम्भचित्र**

प्राप्त तथ्याङ्कलाई सरल र बोधगम्य बनाउनका लागि स्तम्भचित्रको आवश्यकता पर्दछ । तथ्याङ्कको कुल अङ्कलाई विभाजन गरी उल्लेख गर्नु परेको अवस्थामा स्तम्भचित्रको प्रयोगले तथ्याङ्क विश्लेषणमा सहजता हुन्छ । त्यसैले प्रस्तुत शोधपत्रको तथ्याङ्कलाई स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ ।

### ३.१.११ तथ्याङ्क सङ्कलन र व्याख्या विश्लेषण

धनकुटा जिल्लाका नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूलाई 'रोगलाई सानो सम्झनु हुँदैन' भन्ने शीर्षकको नमुना अनुच्छेदबाट बुँदाटिपोट गर्न लगाइएको छ । जसबाट प्राप्त नतिजाको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । विद्यार्थीको दक्षता सिप, सिर्जनशीलता, मौलिकता तथा विश्लेषणात्मक क्षमताको विकास गर्नका लागि प्रतिशत, मध्यमान तथा स्तम्भ चित्रद्वारा तथ्याङ्कको विश्लेषण गरिएको छ । यस अध्ययनमा विद्यार्थीको लैङ्गिक भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिको आधारमा तथ्याङ्क सङ्कलन गरी तुलनात्मक रूपमा विद्यार्थीको नतिजालाई व्याख्या तथा विश्लेषण गरिएको छ । ५०-५९ प्रतिशत ल्याउनेलाई निम्तम, ६०-६९ प्रतिशत ल्याउनेलाई निम्न, ७०-७९ प्रतिशत ल्याउने मध्यम र ८० प्रतिशतभन्दा माथि ल्याउने उत्तम स्तर निर्धारण गरिएको छ ।

सम्बन्धित विद्यालयका कक्षा दशका विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको पहिचान गर्नका लागि सम्बन्धित विद्यालयमा गई शिक्षकसँग भेटघाट गरी शिक्षकको सल्लाह बमोजिम निर्धारित समयमा बुँदा टिप्न लगाइएको छ । विद्यार्थीहरूले टिपोट गरेको बुँदालाई प्रस्तुत शोधपत्र अध्ययनको उद्देश्य अनुसार लैङ्गिक, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिको आधारमा नतिजा निकाली उक्त नतिजाको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा धनकुटा जिल्लाको सामुदायिक र सस्थागत गरी जम्मा दशवटा विद्यालयको १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरी प्रश्नावली निर्माण गरी निर्मित आधारमा बुँदा टिप्न लगाई विद्यार्थीहरूले टिपोट गरेको बुँदाको परीक्षण गरी उनीहरूले प्राप्त गरेका प्राप्ताङ्कहरू प्रतिशत, मध्यमानका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट कस्तो रहेको छ त्यसलाई स्तम्भ चित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## ४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तालिका १ मा प्रस्तुत गरिएको छ :

तालिका ४.१

समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | २५ | २५ | निम्नतम |
| ६०% देखि ६९% ल्याउने | २७ | २७ | निम्न |
| ७०% देखि ७९% ल्याउने | २७ | २७ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | २१ | २१ | उत्तम |

स्रोत : स्थलगत अध्ययन २०७४ ।

माथिको तालिकाअनुसार धनकुटा जिल्लाका दशवटा विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको वर्गीकरण गर्ने क्रममा चार श्रेणीमा छुट्याइएको छ । यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या जना २५ जना अर्थात् २५ प्रतिशत , ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २७ जना २७ प्रतिशत,

७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २७ जना अर्थात् २७ प्रतिशत, ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या २१ जना २१ प्रतिशत रहेकाले प्रतिशतका आधारमा समग्र विद्यार्थीको बुँदाटिपोट क्षमता उत्तम रहेको छ ।

## ४.२ मध्यमानका आधारमा समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको अवस्था

मध्यमानको आधारमा समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.२

**मध्यमानको आधारमा समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको अवस्था**

| प्राप्ताङ्क(x) | आवृत्ति (f) | मध्यविन्दु (x) | (Fx) |
|---|---|---|---|
| २५–२९ | २४ | २७ | ६४८ |
| ३०–३४ | २६ | ३२ | ८३२ |
| ३५–३९ | ३० | ३७ | १११० |
| ४०–४४ | २० | ४२ | ८४० |
| जम्मा | १०० | | ३४३० |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

मध्यमान $= \frac{\Sigma fX}{N}$

$= \frac{३४००}{१००}$

= ३४.३

माथि दिइएको तालिकालाई विश्लेषण गर्दा धनकुटा जिल्लाका समग्र विद्यार्थीको मध्यमान ३४.३ रहेको छ । ३४.३ औसत मध्यमान ३५–३९ को वर्गान्तरमा रहेको छ ।

## ४.३ मध्यमानका आधारमा समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तालिका ३ मा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.३**

**मध्यमानको आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ३४.३ | ५१ | ५१ | ४९ | ४९ |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

माथिको तालिकाअनुसार जम्मा विद्यार्थी सङ्या १०० जनामा विद्यार्थीले प्राप्त गरेको प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३४.३ प्रतिशत छ । त्यसमा मध्यमानभन्दा माथिको विद्यार्थी सङ्ख्या ५१ जना र प्रतिशत ५१ रहेको छ । मध्यमानभन्दा तलको विद्यार्थी सङ्ख्या ४९ जना र प्रतिशत ४९ रहेको देखिन्छ । समग्र विद्यार्थीमा मध्यमानभन्दा माथिको विद्यार्थी सङ्ख्या धेरै भएकाले मध्यमानको आधारमा विद्यार्थीको बुँदाटिपोट क्षमता उत्तम रहेको छ । समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ४.१**

**समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति**




**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

स्तम्भ चित्र १ मा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तरलाई देखाइएको छ । यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २७ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २७ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २७ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या २१ जना विद्यार्थी रहेको यस तथ्यले देखाउँछ । ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ जना भएकाले समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर उत्तम रहेको छ ।

## ४.४ निष्कर्ष

प्रस्तुत शोधपत्रको अध्याय चारमा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालय १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको अध्ययन गर्दा सबैभन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २१ जना र सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २५ जना रहेका छन् । समग्र विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३४.३ रहेको छ । मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या ५१ जना र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या ४९ जना रहेका छन् । समग्र विद्यार्थीको बुँदाटिपोट क्षमता उत्तम रहेको निष्कर्ष निकालिएको छ ।

## अध्याय : पाँच

# धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिको आधारमा बुँदाटिपोट क्षमता

धनकुटा जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई निम्नानुसार तालिकीकरण गरी विश्लेषण गरिएको छ :

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई तालिका ४ मा विश्लेषण गरिएको छ :

तालिका ५.१

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | १४ | १४ | निम्नतम |
| ६०% देखि ६९ % ल्याउने | १० | १० | निम्न |
| ७०% देखि ७९% ल्याउने | १९ | १९ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | ७ | ७ | उत्तम |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

प्रस्तुत तालिकामा धनकुटा जिल्लाका ५ वटा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको अवस्थालाई प्रतिशतका आधारमा विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा विद्यार्थीहरूको प्राप्ताङ्कको प्रतिशतका आधारमा ४ वटा श्रेणीमा विभाजन गरिएको छ । जसमा ५० प्रतिशत देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, अर्थात् १४ प्रतिशत छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १० जना अर्थात् १० प्रतिशत पाइएको छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना प्रतिशत सङ्ख्या १९ रहेको छ र ८० प्रतिशत भन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ७ जना ७

प्रतिशत रहेका छन । यसरी प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट लेखन क्षमताको स्तर निम्न रहेको देखिन्छ ।

### ५.१.१ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्था

मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्याथीहरूको बुँदाटिपोट क्षमताको अवस्थालाई तालिका ५ मा देखाइएको छ :

तालिका ५.२

**मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको अवस्था**

| प्राप्ताङ्क (x) | आवृत्ति (f) | मध्यविन्दु (x) | ( fx) |
|---|---|---|---|
| २५–२९ | १३ | २७ | ३५१ |
| ३०–३४ | १० | ३२ | ३२० |
| ३५–३९ | २० | ३७ | ७४० |
| ४०–४४ | ७ | ४२ | २९४ |
| जम्मा | ५० | | १७०५ |

स्रोत : स्थलगत अध्ययन २०७४ ।

मध्यमान $= \frac{\Sigma fX}{N}$

$= \frac{१७०५}{५०}$

= ३४.१

माथिको तालिका अनुसार सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ३४.१ रहेको छ । जसको वर्गान्तर ३५–३९ रहेको छ ।

### ५.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुादाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिका ६ मा विश्लेषण गरिएको छ :

तालिका ५.३

**मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ५० | ३४.१ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | २७ | ५४ | २३ | ४६ |

**स्रोत : स्लगत अध्ययन २०७४ ।**

माथिको तालिका अनुसार सामुदायिक विद्यालयका जम्मा विद्यार्थी सङ्ख्या ५० जनामा तिनिहरूको मध्यमान ३४. १ रहेको छ । जसमा मध्यमानभन्दा माथिको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ जना जसको प्रतिशत ५४ रहेको पाइन्छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ जना ४६ प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट लेखन क्षमता उत्तम रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भ चित्र ५.१**

**सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति**




**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

स्तम्भचित्र २ मा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाइएको छ । ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना र ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १० जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ७ जना विद्याथीहरू रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता स्तर मध्यम रहेको छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको अध्ययन गर्ने क्रममा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको अवस्थालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ५.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशतका आधारमा तालिका ७ मा उल्लेख गरिएको छ :

तालिका ५.४

प्रतिशतका आधारमा संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | ११ | २२ | निम्नतम |
| ६०% देखि ६९% ल्याउने | १७ | ३४ | निम्न |
| ७०% देखि ७९% ल्याउने | ८ | १६ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | १४ | २८ | उत्तम |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

माथिको तालिका अनुसार विद्यालय प्रकृतिको आधारमा विश्लेषण गर्दा संस्थागत विद्यालयका आधारमा विद्यार्थीको बुँदाटिपोट लेखन क्षमताको अध्ययन गर्ने क्रममा प्रतिशतका आधारमा विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५० जनामा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना, २२ प्रतिशत रहेको छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना अर्थात् ३४ प्रतिशत छ । ७० देखि ७९ प्रतिशत ल्याउने

विद्यार्थी सङ्ख्या ८ जना अनि प्रतिशत सङ्ख्या १६ प्रतिशत देखिएको छ । ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् १४ प्रतिशत रहेको पाइन्छ । प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट लेखन क्षमता उत्तम रहेको छ ।

### ५.२.२ मध्यमानका आधारमा संस्थागत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसारको तालिका ८ मा उल्लेख गरिएको छ :

**तालिका ५.५**

**मध्यमानको आधारमा संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमतको अवस्था**

| प्राप्ताङ्क (x) | आवृत्ति(f) | मध्यविन्दु (m) | (fm) |
|---|---|---|---|
| २५–२९ | ११ | २७ | २९७ |
| ३०–३४ | १५ | ३२ | ४८० |
| ३५–३९ | १० | ३७ | ३७० |
| ४०–४४ | १४ | ४२ | ५८८ |
| | ५० | | १७३५ |

स्रोत : स्थलगत अध्ययन २०७४ ।

$$\text{मध्यमान} = \frac{\Sigma fX}{N}$$

$$= \frac{१७३५}{५०}$$

$$= ३४.७$$

माथिको तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५० जनामा बुँदाटिपोट क्षमताको मध्यमान ३४.७ रहेको छ । ३४.औसत मध्यमको वर्गान्तर ३५–३९ रहेको छ ।

### ५.२.३ मध्यमानका आधारमा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई मध्यमानभन्दा माथि कति र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या तालिकामा प्रस्तुत गरेर विश्लेषण गरिएको छ :

तालिका ५.६

मध्यमानका आधारमा संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ५० | ३४.५६ | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | २४ | ४८ | २६ | ५२ |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

मध्यमानका आधारमा संस्थागत विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको अध्ययन गर्ने क्रममा कुल विद्यार्थी सङ्ख्या ५० जनामा तिनिहरूको मध्यमान ३४.५६ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ अर्थात ४८ प्रतिशत छ । मध्यमानभन्दा तलको अङ्क ल्याउने विद्यार्थी सङख्या २६ जना अर्थात ५२ प्रतिशत देखिइएको छ । मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको विश्लेषण गर्दा ५० जना विद्यार्थीमा २४ जना विद्यार्थी राम्रो र २६ जना विद्यार्थी कमजोर रहेको देखिन्छ । कमजोर विद्यार्थी विद्यार्थीको सङ्ख्या धेरै भएकाले मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट लेखन क्षमता मध्यम रहेको देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीको प्रतिशतलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

स्तम्भचित्र ५.२

संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति




**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

माथि दिइएको स्तम्भ चित्र २ लाई विश्लेषण गर्दा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरू जम्मा ५० जना विद्यार्थीहरू छनोटमा परेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनलाई विश्लेषण गरिएको छ । यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ जना र ८० प्रतिशतभन्दा माथिका विद्यार्थी सङ्ख्या १४ जना रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर उत्तम रहेको देखिन्छ ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबिचको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमतालाई प्रतिशत, मध्यमान आधारमा निम्नानुसारको तालिका ९ मा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

### तालिका ५.७

### सामुदायिक र संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

| | प्रतिशत | विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | ५०% देखि ५९% ल्याउने | १४ | | २८ | | |
| | ६०% देखि ६९% ल्याउने | १० | ३४.५६ | २० | २७ | २३ |
| | ७०% देखि ७९% ल्याउने | १९ | | ३८ | | |
| | ८०% भन्दा माथि ल्याउने | ७ | | १४ | | |
| | | | | | | |
| संस्थागत विद्यालय | प्रतिशत | विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
| | ५०% देखि ५९% ल्याउने | ११ | | २२ | | |
| | ६०% देखि ६९% ल्याउने | १७ | ३४.१ | ३४ | २६ | २४ |
| | ७०% देखि ७९% ल्याउने | ८ | | १६ | | |
| | ८०% भन्दा माथि | १४ | | २८ | | |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

उपर्युक्त तालिकामा विद्यालय प्रकृतिको आधारमा बुँदाटिपोट लेखन क्षमताको अध्ययन गर्ने क्रममा सामुदायिक र संस्थागत विद्यालयको रूपमा विभाजन गरी विश्लेषण गरिएको छ । यसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशतका आधारमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ४८ प्रतिशत छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १० जना अर्थात् २० प्रतिशत देखिन्छ । ७० देखि ७९

प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना रहेको छ । ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत छ । संस्थागत विद्यालयका विद्यार्थीहरूमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत रहेको पाइएको छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना अर्थात् ३४ प्रतिशत छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ जना अर्थात् १६ प्रतिशत छ । ८० प्रतिशत भन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत छ । यसरी विद्यालय प्रकृतिको अध्ययन गर्ने क्रममा प्रतिशतका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयको विद्यार्थीमा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत रहेका छन् । सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत रहेका छन् । संस्थागत विद्यालयका विद्यार्थीमा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत छ । सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत पाइएको छ । यसरी प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलनात्मक रूपमा विश्लेषण गर्दा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या र सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या पनि संस्थागत विद्यालयका विद्यार्थीको भएकाले संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता मध्यम रहेको देखिन्छ ।


यसरी नै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट लेखन क्षमतालाई मध्यमानका आधारमा तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ३४.१ रहेकोमा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ जना रहेका छन् । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान ३४.५६ रहेकोमा मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या २६ जना र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २४ जना छन् । यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा बढी र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्यामा १ जनाको फरकमा रहे पनि १ जना विद्यार्थी सङ्ख्याले संस्थागत विद्यार्थी अघि भएकाले संस्थागत विद्यालयका विद्यार्थीको क्षमता उत्तम रहेको देखिन्छ ।

सामुदायिक संस्थागत विद्यालयका विद्यार्थीको बुँदा टिपोट क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयका विद्यार्थीलाई पनि संस्थागत विद्यार्थीको बराबरमा

अर्थात सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमतालाई सुधार गर्नका लागि शिक्षक तालिमबाट प्राप्त सीपलाई व्यावहारमा प्रयोग गरेर शिक्षण गर्नुपर्ने देखियो । साथै बुँदाटिपोट सम्बन्धि कार्यकलापमा विद्यार्थीको ध्यान केन्द्रित गराएर शिक्षण गाएमा विद्यार्थी बौद्धिक क्षमताको विकासका साथै स्मरण शक्तिको विकासमा सहयोग पुग्दछ । विद्यार्थीलाई बुँदाटिपोट क्षमतालाई अघि बढाउनका लागि समय समयमा बुँदाटिपोट सम्बन्धी प्रतियोगिता गराएर प्रथम भएकालाई पुरस्कार प्रदान गरी पृष्ठपोषण दिएर विद्यार्थीको मनोबल बढाई बुँदाटिपोट क्षमताको स्तरमा राम्रो सुधार ल्याउन सहयोग पुग्दछ । धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको सामुदायिक र संस्थागत विद्यार्थीको बुँदाटिपोट लेखन क्षमतालाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ५.३**

**सामुदायिक र संस्थागत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति**




**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

स्तम्भ चित्र ४ को विश्लेषण गर्दा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १० जना,

७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ७ जना रहेका छन् । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरूमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १४ जना रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ ।

## ५.४ निष्कर्ष

प्रस्तुत शोधकार्यको अध्याय ५ मा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा सामुदायिक र संस्थागत विद्यालय गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई छनोट गरी अध्ययन गरिएको छ । सामुदायिक संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा ८० प्रतिशतभन्दा बढी प्रतिशत ल्याउने ७ जना त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरू सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना र सबैभन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना रहेका छन् ।

# अध्याय : छ

# धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमता

यस अध्ययनमा धनकुटा जिल्लाका अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा लैङ्गिकताको आधारमा छात्र र छात्राका रूपमा विभाजन गरी उनीहरूको क्षमतालाई व्याख्या तथा विश्लेषण गरिएको छ । जम्मा विद्यार्थी सङ्ख्या १०० मा छात्रको सङ्ख्या ५० र छात्राको सङ्ख्या ५० जना रहेको छ । यसरी छनोट गरिएका छात्र तथा छात्रा विद्यार्थीहरूलाई प्रतिशत, मध्यमानका आधारमा विश्लेषण गरी स्तम्भ चित्रमा देखाइएको छ ।

## ६.१ प्रतिशतका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रतिशतका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसारको तालिका १० मा प्रस्तुत गरिएको छ :

तालिका नं. ६.१

प्रतिशतका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | ९ | १६.३६ | निम्नतम |
| ६०% देखि ६९% ल्याउने | १२ | २१.८१ | निम्न |
| ७०% देखि ७९% ल्याउने | १९ | ३४.५४ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | १८ | २३.७२ | उत्तम |

स्रोत : स्थलगत अध्ययन २०७४ ।

माथिको तालिका अनुसार प्रतिशतका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको विश्लेषण गर्दा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् १६.३६ प्रतिशत छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ जना अर्थात् २१.८१ प्रतिशत रहेको देखिएको छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना

अर्थात् ३४.५४ प्रशित छ । ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १८ जना अर्थात् २३.७२ प्रतिशत रहेको छ । छात्राहरूको बुँदाटिपोट लेखन क्षमताको विश्लेषण गर्दा सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् १६.३६ प्रतिशत छ । सबैभन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १८ जना अर्थात् २३.७२ रहेको हुँदा प्रतिशतका आधारमा छात्राहरूको बुँदाटिपोट लेखन क्षमता उत्तम रहेको देखिन्छ ।

### ६.१.१ मध्यमानका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको अध्ययनको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिका ११ मा विश्लेषण गरिएको छ :

तालिका ६.२

**मध्यमानका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| प्राप्ताङ्क (x) | आवृत्ति (f) | मध्यविन्दु (fm) | fm |
|---|---|---|---|
| २५– २९ | २७ | ९ | २४३ |
| ३०–३४ | ३२ | १२ | ३८४ |
| ३५ –३९ | ३७ | १९ | ७०३ |
| ४०– ४४ | ४२ | १५ | ६३० |
| जम्मा | ५५ | | १९६० |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

मध्यमान $= \frac{\Sigma fX}{N}$

$= \frac{१९६०}{५५}$

= ३५.६३

माथिको तालिका अनुसार धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत ५५ जना छात्राहरूको मध्यमान ३५.६३ रहेको छ । ३५.६३ औसत मध्यमानको वर्गान्तर ३५–३९ रहेको छ ।

### ६.१.२ मध्यमानका आधारमा धनकुटा जिल्लाका कक्षा दशमा अध्यनरत छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीको मध्यमानका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमाताको स्थितिलाई निम्नानुसार तालिका १२ मा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका ६.३

मध्यमानका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ५५ | ३५.६३ | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| | | ३४ | ६१.८१ | २१ | ३८.१८ |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

मध्यमानका आधारमा छात्राहरूको बुँदाटिपोट क्षमताको विश्लेषण गर्दा जम्मा विद्यार्थी सङ्ख्या ५५ जनको मध्यमान ३५.६३ रहेको छ । यसमा मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या ३४ जना अर्थात् ६१.८१ रहेको छ । मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २१ जना अर्थात् ३८.१८ रहेको छ । मध्यमाभन्दा माथिका विद्यार्थी सङ्ख्या १३ जनाले धेरै भएको हुँदा छात्राहरूको बुँदाटिपोट लेखन क्षमता उत्तम रहेको छ । छात्राहरूको बुँदाटिपोट क्षमतालाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भ चित्र नं ६.१

छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति




स्रोत : स्थलगत अध्ययन २०७४ ।

माथिको स्तम्भ चित्र ५ मा छात्राहरूको बुँदाटिपोट लेखन क्षमतालाई देखाइएको छ । यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १८ जना रहेको तथ्य यस स्तम्भचित्रले देखाउँछ ।

## ६.२ छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अभ्ययनरत जम्मा ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्थालाई प्रतिशत, मध्यमानको आधारमा व्याख्या विश्लेषण गरी स्तम्भ चित्रमा देखाएर प्रष्ट गरिएको छ :

### ६.२.१ प्रतिशतका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशतका आधारमा निम्नानुसार तालिका १३ मा देखाइएको छ :

तालिका ६.४

प्रतिशतका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | १४ | ३१.११ | निम्नतम |
| ६०% देखि ६९% ल्याउने | १४ | ३१.११ | निम्न |
| ७०% देखि ७९% ल्याउने | ११ | २४.४४ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | ६ | १३.३३ | उत्तम |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

माथिको तालिका अनुसार छात्रहरूको जम्मा सङ्ख्या ४५ जना रहेको छ । यसमा प्राप्ताङ्कहरूलाई ४ वटा श्रेणीमा विभाजन गरिएको छ । यसअनुसार ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ३१.११ प्रतिशत छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ३१.११ प्रतिशत देखिइएको छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २४.४४ प्रतिशत पाइएको छ । ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ६ जना अर्थात् १३.३३ रहेको छ ।

उक्त तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ जना रहेको छ । सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ जना रहेकाले छात्रहरूको बुँदाटिपोट क्षमता मध्यम रहेको पाइयो ।

### ६.२.२ मध्यमानका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमताको अवस्था

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत छात्रहरूको बुँदाटिपोट क्षमताको अवस्थालाई मध्यमानका आधारमा निम्नानुसार तालिका १४ मा विश्लेषण गरिएको छ :

तालिका ६.५

छात्रहरूको बुँदाटिपोट क्षमताको अवस्था

| प्राप्ताङ्क (x) | आवृत्ति (f) | मध्यविन्दु (m) | (fx) |
|---|---|---|---|
| २५– २९ | १४ | २७ | ३७८ |
| ३०–३४ | १४ | ३२ | ४४८ |
| ३५–३९ | ११ | ३७ | ४०७ |
| ४०–४४ | ६ | ४२ | २४२ |
| जम्मा | ४५ | | १४८५ |

स्रोतः स्थलगत अध्ययन ।

$$\text{मध्यमान} = \frac{\Sigma fX}{N}$$

$$= \frac{१४८५}{४५}$$

$$= ३३$$

माथिको तालिकाअनुसार ५० जना छात्रहरूको मध्यमान ३३ रहेको छ । ३३ औसत मध्यमानको वर्गान्तर ३५–३९ रहेको छ ।

### ६.२.३ मध्यमानका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिका १५ मा विश्लेषण गरिएको छ :

तालिका नं. ६.६

मध्यमानका आधारमा छात्रहरू बुँदाटिपोट क्षमताको स्थिति


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ४५ | ३३ | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| | | २१ | ४६.६६ | २४ | ५३.३३ |

स्रोत : स्थलगत अध्ययन २०७४ ।

माथिको तालिका अनुसार छात्रहरूको जम्मा सङ्ख्या ४५ जनामा तिनीहरूको प्राप्ताङ्कको मध्यमान ३३ रहेको छ। यसमा मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या २१ जना अर्थात् ४६.६६ प्रतिशत छ। मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २४ जना अर्थात् ५३.३३ रहेको छ । मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या कम रहेको छ । यस आधारमा छात्रहरूको बुँदाटिपोट क्षमता स्तर निम्न रहेको देखिएको छ । छात्रहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई स्तम्भ चित्रमा यसरी देखाइएको छ :

**स्तम्भ चित्र ६.२**

**छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति**




**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

स्तम्भ चित्र ६ मा धनकुटा जिल्लामा सामुदायिक र संस्थागत विद्यालय गरी १० वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको छात्रहरूको बुँदाटिपोट क्षमतालाई देखाइएको छ ।यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ६ जना रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँछ ।

## ६.३ छात्रा र छात्रहरू बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा के कस्तो रहेको छ भन्ने बारेमा निम्न तालिकामा छात्रा र छात्र विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रस्तुत गरेर तालिका १६ मा विश्लेषण गरिएको छ :

तालिका नं. ६.७

छात्रा र छात्रहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

| | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | मध्यमान | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|
| छात्र | ५०% देखि ५९% ल्याउने | १४ | ३१.११ | | | |
| | ६०% देखि ६९% ल्याउने | १४ | ३१.११ | ३३ | २१ | २४ |
| | ७०% देखि ७९% ल्याउने | ११ | २४.४४ | | | |
| | ८०% भन्दा माथि ल्याउने | ६ | १३.३३ | | | |
| | | | | | | |
| छात्रा | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | मध्यमान | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
| | ५० देखि ५९ ल्याउने | ९ | २० | | | |
| | ६० देखि ६९ ल्याउने | १२ | २६.६६ | ३५.६३ | ३४ | २१ |
| | ७० देखि ७९ ल्याउने | १९ | ४२.२२ | | | |
| | ८० भन्दा माथि ल्याउने | १५ | २७.३३ | | | |

स्रोत : स्थलगत अध्ययन २०७४ ।

माथि दिइएको तालिका अनुसार लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति देखाइएको छ । यसमा धनकुटा जिल्लामा कक्षा दशमा अध्ययनरत ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयका जम्मा १०० जना ५५ जना छात्रा र ४५ जना छात्र विद्यार्थीहरूलाई लिइएको छ । यसमा प्रतिशतका आधारमा तुलना गर्दा छात्राहरूको ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९जना अर्थात् २० प्रतिशत छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ जना अर्थात् २६.६६ रहेको देखिन्छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १९ जना अर्थात् ४२.२२ प्रतिशत पाइएको छ । ८० भन्दा माथि प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १५ जना अर्थात् २६.३३ प्रतिशत छ । छात्रहरूमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ३१.११ प्रतिशत देखिइएको छ । त्यसै गरी ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ३१.११ रहेको छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६ जना अर्थात् १३.३३ प्रतिशत छ । यसरी प्रतिशतका आधारमा छात्रा छात्रको तुलना गर्दा छात्राहरूमा सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् ९ प्रतिशत रहेको छ भने छात्रहरूमा सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् १४ प्रतिशत छ । छात्राहरूमा सबैभन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् ३१.११ प्रतिशत पाइएको छ । यसरी प्रतिशतका आधारमा तुलना गर्दा छात्रको भन्दा छात्राहरूको बुँदाटिपोट लेखन क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।


मध्यमानको आधारमा छात्रा र छात्रको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्राको जम्मा सङ्ख्या ५५ जनामा मध्यमान ५३.६३ रहेको छ । यसमा मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या ३४ जना अर्थात ६१.८१ प्रतिशत छ र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २१ जना अर्थात् ३२.८१ प्रतिशत रहेको देखिन्छ । त्यसै गरेर छात्रहरूको जम्मा विद्यार्थी सङ्ख्या ४५ जनामा मध्यमान ३३ पाइएको छ । जसमा मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या २१ जना अर्थात् ४६.६६ प्रतिशत छ । मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २४ जना अर्थात् ५३.३३ प्रतिशत पाइएको छ । मध्यमानका आधारमा छात्रको भन्दा छात्राको बुँदाटिपोट क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

छात्राहरूमा मध्यमानभन्दा माथिको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै रहेकाले मध्यमानका आधारमा छात्रभन्दा छात्राको बुँदाटिपोट क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

छात्रा तथा छात्रहरूको प्राप्ताङ्कको आधारमा तुलनात्मक अध्ययन गर्दा छात्रभन्दा छात्राको बुँदाटिपोट लेखन क्षमता उत्तम रहेको छ । छात्राहरू धेरै लगनशील भएको कारणले उनिहरूको सिर्जनात्मक क्षमता बढी हुने गर्दछ त्यसैले बुँदाटिपोट क्षमता राम्रो भएको देखिन्छ । छात्रको पनि बुँदाटिपोट क्षमतालाई तीव्र बनाउनका लागि बुँदाटिपोटसम्बन्धी विभिन्न ज्ञानमूलक कार्यकलाप गर्न लगाएर कार्यक्रममा सहभागी गराएमा बुँदाटिपोटको विषयमा ज्ञान बढाउन सहयोग गर्ने देखिन्छ । छात्रा र छात्रहरूको बुँदाटिपोट लेखन क्षमतालाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भ चित्र ६.३**

**छात्र र छात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**




**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

स्तम्भ चित्र ७ मा छात्र र छात्राहरूको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । ४५ जना छात्र र ५५ जना छात्राहरू रहेका छन् । माथिको स्तम्भ चित्र अनुसार छात्रहरूमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ६ जना रहेका देखिइको छ । त्यसै गरी छात्रहरूमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङख्या ९ जना, ६० देखि ६९ प्रतिशत

ल्याउने विद्यार्थी सङ्ख्या १२ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङख्या १९ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङख्या १५ जना रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ ।

## ६.४ निष्कर्ष

प्रस्तुत शोधपत्रको अध्याय ६ मा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा लैङ्गिकताको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । जसलाई छात्र र छात्रा रूपमा विभाजन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा ४५ जना छात्र र छात्रा ५५ जना रहेका छन् । छात्र र छात्राका तुलनात्मक रूपमा बुँदाटिपोट क्षमताको अध्ययन गर्दा छात्रको भन्दा छात्राको बुँदाटिपोट क्षमताको स्तर उत्तम रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय : सात

# धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा बुँदाटिपोट क्षमता

प्रस्तुत अध्यायमा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययनमा भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषी र दोस्रो भाषी रूपमा विभाजन गरी अध्ययन गरिएको छ, जसमा पहिलो भाषी विद्यार्थी सङ्ख्या ४८ जना र दास्रो भाषी विद्यार्थी सङ्ख्या ५२ जना रहेका छन् । यसरी छनोटमा परेका पहिलो भाषा र दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरिएको छ :

## ७.१ पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा लैङ्गिकताका आधारमा पहिलो भाषी विद्यार्थीको जम्मा सङ्ख्या ४८ जना रहेका छन् । पहिलो भाषी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशताङ्कमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ७.१.१ प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको स्थिति

प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तालिका १७ मा उल्लेख गरिएको छ :

तालिका नं. ७.१

प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | १७ | ३५.४ | निम्नतम |
| ६०% देखि ६९% ल्याउने | १४ | २९.१६ | निम्न |
| ७०% देखि ७९% ल्याउने | ९ | १८.७५ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | ८ | १६.६६ | उत्तम |

स्रोत : स्थलगत अध्ययन २००७४ ।

तालिका नं. १७ मा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशताङ्कमा देखाइएको छ। यसमा प्राप्ताङ्कलाई ४ वटा श्रेणीमा विभाजन गरिएको छ। यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना अर्थात् ३५.४ प्रतिशत छ। ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् २९.१६ प्रतिशत रहेको छ। ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् १८.७५ प्रतिशत देखिएको छ। त्यसै गरेर ८० प्रतिशतभन्दा माथिका विद्यार्थी सङ्ख्या ८ जना अर्थात् १६.६६ प्रतिशत छ। प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको स्तर निम्न रहेको देखिन्छ।

### ७.१.२ मध्यमानका आधारमा पहिलो भाषी विद्यार्थीहरूको बुदाटिपोट क्षमताको अध्ययन

धनकुटा जिल्लाका कक्षा दशमा अध्यनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्थालाई मध्यमानको आधारमा निम्नानुसार तालिका १८ मा विश्लेषण गरिएको छ :

तालिका ७.२

**मध्यमानका आधारमा पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्था**

| प्राप्ताङ्क (x) | आवृत्ति (f) | मध्यविन्दु (m) | (fx) |
|---|---|---|---|
| २५– २९ | १७ | २७ | ४५९ |
| ३०–३४ | १५ | ३२ | ४८० |
| ३५–३९ | ९ | ३७ | ३३३ |
| ४०–४४ | ८ | ४२ | ३३६ |
| जम्मा | ४८ | | १६०८ |

**स्रोतः स्थलगत अध्ययन।**

$$\text{मध्यमान} = \frac{\Sigma fX}{N}$$

$$= \frac{१६०८}{४८}$$

$$= ३३.५$$

माथिको तालिका अनुसार पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्को मध्यमान ३३.५ रहेको छ । ३३.५ को औसत मध्यमान ३५–३९ वर्गान्तर रहेको छ ।

### ७.१.३ मध्यमानका आधारमा पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

धनकुटा जिल्लामा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई मध्यमानका आधारमा तालिका १९ मा विश्लेषष गरिएको छ :

तालिका नं. ७.३

**मध्यमानका आधारमा पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ४८ | विद्यार्थी सङ्ख्या | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| | ३३.५ | १८ | ३७.५ | ३० | ६२.५ |


स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिकामा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमतालाई मध्यमानको आधारमा विश्लेषण गरिएको छ । यसमा जम्मा विद्यार्थी सङ्ख्या ४८ जनामा मध्यमान ३३.५ रहेको छ । मध्यमानभन्दा माथिको विद्यार्थी सङ्ख्या १८ जना अर्थात् ३७.५ प्रतिशत छ। मध्यमानभन्दा तलको विद्यार्थी सङ्ख्या ३० जना अर्थात ६२.५ प्रतिशत पाइएको छ। यस आधारमा ४८ जना पहिलो भाषी विद्यार्थीहरूको समूहमा १८ जना विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको छ र ३० जना विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो नरहेको पाइयो । यस आधारमा पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमता निम्न रहेको देखिन्छ।

पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट लेखन क्षमतालाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भ चित्र ७.१

पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति




स्रोत : स्थलगत अध्ययन २०७४ ।

माथिको स्तम्भ चित्र ८ मा पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई दखाइएको छ । पहिलो भाषी विद्यार्थीमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ८ रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँछ । पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर निम्न रहेको यस स्तम्भ चित्रले प्रस्ट गरेको छ ।

## ७.२ दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

यस अध्यायमा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट गर्ने क्रममा दश वटा विद्यलयका ३२ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । दोस्रो भाषी विद्यार्थीमा राई, लिम्बु, तामाङ, मगर, श्रेष्ठ जस्ता जातिका विद्यार्थी रहेका छन् । नेपाली भाषाबाहेक अन्य भाषालाई पहिलो भाषाका रूपमा बोल्ने विद्यार्थीहरूलाई यस

अध्ययनमा दोस्रो भाषी विद्यार्थीका रूपमा लिइएको छ । दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशत र मध्यमान आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ७.२.१ प्रतिशतका आधारमा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

प्रतिशतका आधारमा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई तालिका १९ मा विश्लेषण गरिएको छ :

तालिका नं. ७.४

**प्रतिशतका आधारमा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन**

| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | स्तर |
|---|---|---|---|
| ५०% देखि ५९% ल्याउने | ७ | १३.४६ | निम्नतम |
| ६०% देखि ६९% ल्याउने | ११ | २१.१५ | निम्न |
| ७०% देखि ७९% ल्याउने | २१ | ४०.३८ | मध्यम |
| ८०% भन्दा माथि ल्याउने | १३ | २५ | उत्तम |

**स्रोत : स्थलगत अध्ययन २०७४ ।**

माथिको तालिकामा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटपोट लेखन क्षमताको अध्ययन गर्ने क्रममा दोस्रो भाषी विद्यार्थीहरूको प्रतिशताङ्कमा देखाइएको छ । यसलाई ४ वटा श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् १३.४६ प्रतिशत छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २१.१५ प्रतिशत देखिएको छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २१ जना अर्थात् ४०.३८ प्रतिशत छ । ८० भन्दा माथिको विद्यार्थी सङ्ख्या १३ जना अर्थाात् २५ प्रतिशत छ ।

प्रस्तुत तथ्याङ्कलाई आधार मान्दा सबै भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङख्या ७ जना अर्थात् १३.४६ प्रतिशत छ । सबै भन्दा धेरै प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १३ जना अर्थात् २५ प्रतिशत रहेको पाइएको छ । धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

### ७.२.२ मध्यमानका आधारमा दोस्रो भाषी विद्यार्थीको बुदाटिपोट क्षमताको अवस्था

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा दोस्रो भाषी विद्यार्थीको मध्यमानका आधारमा तालिका २० मा विश्लेलषण गरिएको छ :

तालिका ७.५

**मध्यमानका आधारमा दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्था**

| प्राप्ताङ्क (x) | आवृत्ति (f) | मध्यविन्दु (m) | (fx) |
|---|---|---|---|
| २५– २९ | ७ | २७ | १८९ |
| ३०–३४ | १० | ३२ | ३२० |
| ३५–३९ | २२ | ३७ | ८१४ |
| ४०–४४ | १३ | ४२ | ५४६ |
| जम्मा | ५२ | | १८६९ |

स्रोतः स्थलगत अध्ययन ।

$$\text{मध्यमान} = \frac{\Sigma fX}{N}$$

$$= \frac{१८६९}{५२}$$

$$= ३५.९४$$

माथिको तालिका अनुसार दोस्रो भाषी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३५.९४ रहेको छ । ३५.९४ को औसत मध्यमान ३५–३९ वर्गान्तरमा रहेको छ ।

### ७.२.३ मध्यमानका आधारमा दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानको आधारमा दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिका २१ मा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं. ७.६

मध्यमानका आधारमा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति


| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| ५२ | ३५.९४ | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| | | २० | ३८.४६ | ३२ | ६१.५३ |

स्रोत : स्थलगत अध्ययन २०७४

माथिको तालिका अनुसार मध्यमानको आधारमा दोस्रो भाषा विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको विश्लेषण गरिएको छ । यसमा जम्मा दोस्रो भाषी विद्यार्थी सङ्ख्या ५२ जनामा मध्यमान ३५.९४ रहेको छ । मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या २० रहेको छ भने प्रतिशतमा पनि ३८.४६ प्रतिशत छ । मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या ३२ रहेको छ भने प्रतिशतमा ६१.५३ रहेको छ । मध्यमानका आधारमा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमता निम्न रहेको देखिन्छ । दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट लेखन क्षमतालाई स्तम्भ चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

स्तम्भ चित्र ७.२

दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति




स्रोत : स्थलगत अध्ययन २०७४ ।

स्तम्भ चित्र ९ मा दास्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाइएको छ । यसमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ७ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १० जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २१ जना र ८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १३ जना रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ ।

## ७.३ पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीहरूको तुलनात्मक स्थिति

पहिलो भाषा विद्यार्थी र दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको अवस्थालाई तुलनात्मक रूपमा तालिका २१ मा विश्लेषण गरिएको छ :

**तालिका ७.७**

**पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**

| | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | मध्यमान | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|
| | ५० देखि ५९ ल्याउने | १७ | ३५.४ | | | |
| | ६० देखि ६९ ल्याउने | १४ | २९.१६ | ३३.५ | १८ | ३० |
| | ७० देखि ७९ ल्याउने | ९ | १८.७५ | | | |
| | ८०देखि माथि ल्याउने | ८ | १६.६६ | | | |
| | | | | | | |
| | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | मध्यमान | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
| | ५० देखि ५९ ल्याउने | ७ | १३.४६ | | | |
| दोस्रो भाषी | ७० देखि ७९ ल्याउने | ११ | २१.१५ | ३५.९४ | २० | ३२ |
| | ७० देखि ७९ ल्याउने | २१ | ४०.३८ | | | |
| | ८०देखि माथि ल्याउन | १३ | २५ | | | |

स्रोत : स्थलगत अध्ययन २०७४ ।


माथिको तालिकामा धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीको तुलनात्मक रूपमा बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कलाई देखाइएको छ । यसमा प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थीमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना रहेको छ भने प्रतिशत सङ्ख्या ३५.४ छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना अर्थात् २९.१६ प्रतिशत देखिन्छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना रहेको छ भने प्रतिशत १८.७५ छ । ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ८ जना र प्रतिशत १६.६६ रहेको छ । दोस्रो भाषी विद्यार्थीमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् १३.४६ प्रतिशत पाइएको छ । ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २१.१५ प्रतिशत रहेको छ । ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २१ जना अर्थात ४०.३८ प्रतिशत छ । ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १३ जना अर्थात् २५ प्रतिशत रहेको छ । यसरी प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीको प्रतिशतका आधारमा तुलनात्मक रूपमा विश्लेषण गर्दा पहिलो भाषी विद्यार्थीमा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ जना अर्थात् ३५.४ प्रतिशत देखिन्छ । प्रतिशतका आधारमा पहिलो भाषी विद्यार्थीको सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना र सबैभन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ जना छन् । दोस्रो भाषी विद्यार्थीहरूमा सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ७ जना र सबैभन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १३ जना पाइएको छ । यसरी पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीमा तुलना गर्दा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर राम्रो रहेको देखिएको छ ।

मध्यमानको आधारमा पहिलो भाषी विद्यार्थी र दास्रो भाषी विद्यार्थीको तुलनात्मक अध्ययन गर्दा पहिलो भाषी विद्यार्थीको मध्यमान ३३.५ पाइएको छ । यसमा मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या १८ जना र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या ३० जना देखिएको छ । दोस्रो भाषी विद्यार्थीको मध्यमान ३५.९४ पाइएको छ । मध्यमानभन्दा माथिको विद्यार्थी सङ्ख्या २० जना र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या ३२ जना पाइएको छ । पहिलो भाषी विद्यार्थीको भन्दा दोस्रो भाषी विद्यार्थीको मध्यमान १.८२ ले बढी भएको हुँदा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर उत्तम रहेको देखिन्छ । प्रतिशत र

मध्यमानका आधारमा बुँदाटिपोट क्षमताको स्तर पहिलो भाषी विद्यार्थीको उत्तम रहेको देखियो

**स्तम्भ चित्र ७.३**

**पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**




**स्रोत : स्थलगत अध्ययन २०७४**

स्तम्भ चित्र ८ मा दोस्रो भाषी र दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई तुलनात्मक रूपमा देखाइएको छ । यसमा पहिलो भाषी विद्यार्थीमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ९ जना र दोस्रो भाषी विद्यार्थीमा ५० देखि ५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ७ जना, ६० देखि ६९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १० जना, ७० देखि ७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २१ जना र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या १३ जना रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ । स्तम्भ चित्र ८ अनुसार पहिलो भाषी विद्यार्थीको भन्दा दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर उत्तम रहेको देखिएको छ ।

## ७.४ निष्कर्ष

प्रस्तुत शोधपत्रको अध्याय सातमा पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको छ । धनकुटा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरू जम्मा १०० जनामा पहिलो भाषी विद्यार्थी सङ्ख्या ४८ जना र दोस्रो भाषी विद्यार्थी सङ्ख्या ५२ जना रहेको छ । पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थी विद्यार्थीको तुलनात्मक अध्ययन गर्दा निम्नतममा १७ जना र उत्तममा ८ जना रहेका छन् । उनीहरूको मध्यमान ३३.५ रहेका छ । दोस्रो भाषी विद्यार्थीमा निम्नतममा ७ जना र उत्तममा १३ जना रहेको पाइएको छ । यसरी पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानेर तुलनात्मक अध्ययन गर्दा पहिलो भाषी विद्यार्थीको भन्दा दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर उत्तम रहेको निष्कर्ष निकालिएको छ ।

## अध्याय : आठ

# सारांश, निष्कर्ष, र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधपत्रलाई आठ अध्ययामा राखेर ती अध्याय भित्र विभिन्न शीर्षक तथा उप शीर्षक राखी अध्ययन गर्ने कार्य गरिएको छ । यस शोधपत्र भित्रका आठ वटा अध्यायमा विभिन्न पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने कार्य गरिएको छ । अनुसन्धानको शीर्षक धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । माध्यमिक तहको कक्षा दशको पाठ्यक्रमले भाषिक सिपसँग सम्बन्धित सुनाइ, बोलाई, पढाइ र लेखाइ सम्बन्धी विभिन्न प्रकारका विशिष्ट उद्देश्यहरू निर्धारण गरेको छ । ती भाषिक सिपका विभिन्न पक्षहरूमध्ये लेखाइ सिप पनि महत्त्वपूर्ण रहेको छ । लेखाइ सिपको विकास गराउनका लागि विभिन्न क्रियाकलापहरू गर्नुपर्ने हुन्छ, जसमध्ये एउटा महत्त्वपूर्ण कार्यककलाप बुँदाटिपोट पनि हो । बुँदाटिपोटले लेखाइ सिपलाई अगाडि बढाउनका लागि धेरै सहयोग गर्दछ । त्यसैले प्रस्तुत अध्ययनमा बुँदाटिपोट लेखन सिपसँग सम्बन्धित विषयमा अध्ययन गरिएको छ । यस अध्ययनका उद्देश्यहरू धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्न, छात्र र छात्राको तुलनात्मक अध्ययन गर्न र पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीको तुलनात्मक अध्ययन गरी विद्यार्थीहरूको बुँदाटिपोट सम्बन्धि देखिएका कमिकमजोरी पत्ता लगाउनु र ती कमिकमजोरीको समस्या पत्ता लगाइ समाधान गर्न सल्लाह सुझाव दिनु रहेको छ ।

प्रस्तुत उद्देश्य प्राप्तिका लागि धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरू जम्मा १०० जना ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयलाई नमुना छनोटको रूपमा लिइएको छ । अध्ययनका क्रममा अध्ययनकर्ता स्वयम छनोटमा परेका प्रत्येक विद्यालयमा गई त्यस विद्यालयका प्रध्यनाध्यापकसँग अनुमति मागी विषय शिक्षकको सल्लाह र सहयोगमा कक्षाकोठामा गइ विद्यार्थीलाई एउटा 'रोगलाई सानो सम्झनुहुँदैन' शीर्षकको अनुच्छेद दिएर बुँदाटिपोट गर्न लगाइएको छ । त्यसपछि विद्यार्थीको प्राप्ताङ्कलाई विषयवस्तुको ज्ञान, क्रमबद्धता, भाषिक शुद्धता, मुख्य भाव मौलिकता, निष्कर्ष

र समापनका आधारमा परीक्षण गरिएको छ । परीक्षणबाट प्राप्त नतिजालाई ४ तहमा वर्गीकरण गरेर विभाजन गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान निकाली मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या छुट्याएर विश्लेषण गरिएको छ । विद्यालय प्रकृतिको आधारमा सामुदायिक र संस्थागत, लैङ्गिकताको आधारमा छात्र र छात्रा, भाषिक पृष्ठभूमिको आधारमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबिच तुलना गर्दै व्याख्या तथा विश्लेषण गरिएको छ । समग्रमा छनोटमा परेका धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर उत्तम नै रहेको निष्कर्ष निकाली बुँदाटिपोट क्षमतामा असमानता देखिएका अवस्थामा कसरी समानता ल्याउने बुँदाटिपोट क्षमताको स्तरमा कसरी विकास गराउने भन्ने विषयमा सुझाव समेत दिइएको छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा धनकुटा जिल्लाका कक्षा दशमा अध्यनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन निम्नलिखित निष्कर्ष निकालिएको छ :

धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको विश्लेषण गरिएको छ । यसमा सबै भन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २१ जना र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङख्या २५ जना रहेको छ । समग्र विद्यार्थीको मध्यमान ३४.३ रहेको छ जसमा मध्यमानभन्दा माथि ५१ जना र मध्यमानभन्दा तल ४९ जना विद्यार्थी रहेका छन् । समग्र विधार्थीको बुँदाटिपोट क्षमताको स्तर राम्रो रहेको पाइयो

अध्याय पाँचमा विद्यालय प्रकृतिको आधारमा विश्लेषण गरिएको छ सामुदायिक र संस्थागत विद्यालय गरी १०० जना विद्यार्थीको विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूमा सबैभन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना र सबैभन्दा माथिको प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ६ जना रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ३४.१ रहेको छ । मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या २६ र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २३ जना रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूमा सबै भन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना र सबै भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ११ जना रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीको

मध्यमान ३४.५६ रहेको छ मध्यमानभन्दा माथिका विद्यार्थी सङ्ख्या २४ र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २६ रहेको छ । सामुदायिक विधालय र सस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीको उत्तम रहेको पाइयो ।

अध्याय ६ मा लैङ्गिकताको आधारमा विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ लैङगिकताको आधारमा छात्र र छात्राको रूपमा विभाजन गरिएको छ । छात्रको सबैभन्दा बढी अङक ल्याउने विद्यार्थी सङ्ख्या ६ जना र सबैभन्दा कम अङक ल्याउने विद्यार्थी सङ्ख्या १४ जना रहेको छ । छात्रहरूको मध्यमान ३३ रहेको छ मध्यमान भन्दा माथिका विद्यार्थी सङ्ख्यामा २४ र मध्यमानभन्दा तलका विद्यार्थी सङ्ख्या २६ जना रहेको छ । छात्राहरूमा सबै भन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १८ जना र सबै भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ३ जना रहेको छ । छात्राहरूको मध्यमान ३५.६३ रहेको छ । जसमा मध्यमान भन्दा माथीका विद्यार्थी सङ्ख्या ३४ र मध्यमान भन्दा तलका विद्यार्थी सङ्ख्या २१ रहेको छ । छात्र भन्दा छात्राहरूको बुँदा टिपोट स्तर राम्रो रहेको छ । छात्रहरूको बुँदाटिपोट क्षमताको स्तर निम्न रहेको पाइयो

अध्याय सातमा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीको रूपमा विभाजन गरी विश्लेषण गरिएको छ । पहिलो भाषी विद्यार्थीमा सबै भन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ जना सबै भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ जना रहेको छ । पहिलो भाषी विद्यार्थीहरूको मध्यमान ३३.५ रहेको छ । जसमा मध्यमान भन्दा माथिको विद्यार्थी सङ्ख्या १८ जना र मध्यमान भन्दा तलका विद्यार्थी सङ्ख्या ३० जना रहेको छ । दोस्रो भाषी विद्यार्थीहरूमा सबै भन्दा बढी प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १३ जना र सबै भन्दा कम प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ७ जना रहेको छ । दोस्रो भाषी विद्यार्थीहरूको मध्यमान ३५.९४ रहेको छ मध्यमान भन्दा माथिका विद्यार्थी सङ्ख्या २० जना र मध्यमान भन्दा तलको विद्यार्थी सङख्या ३२ रहेको छ । दोस्रो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमता को स्तर उत्तम देखिएको छ भने पहिलो भाषी विद्यार्थीको बुँदाटिपोट क्षमता को स्तर निम्न रहेको छ ।

## ८.३ उपयोगिता

जुन विषयमा अध्ययन अनुसन्धान गरिन्छ त्यसको आफ्नै महत्त्व र उपयोगिता रहेको हुन्छ । भाषाका चारवटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ रहेको हुन्छ । ती चारवटा सिपमध्ये लेखाइ सिप पनि एउटा महत्त्वपूर्ण सिप हो । यही लेखाइ सिप अन्तर्गत पर्ने विभिन्न क्रियाकलाहरूमध्ये बुँदाटिपोट एउटा महत्त्वपूर्ण क्रियाकलाप हो । बुँदाटिपोटले लेखाइ सिपको विकाससँगै छोटो समयमा मुख्य विषयवस्तु सम्झन अनिवार्य विषयलाई मात्र छनोट गर्ने जस्ता पक्षमा सहयोग गर्दछ । प्रस्तुत अध्ययन धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट लेखन क्षमताको अध्ययनको उपयोगिताहरू निम्नानुसार रहेका छन :

### ८.३.१ नीतिगत तह

नीति नियमबिना कुनै पनि कार्य सफल हुन सक्दैँन, हरेक कार्यमा नीतिनियम हुन जरुरी छ । प्रस्तुत अध्ययनका नीतिगत उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- माध्यमिक तहको नेपाली विषयमा बुँदाटिपोट सम्बन्धी उपयुक्त हुने पाठ्यक्रम र पाठ्यभार निर्माण गर्न,
- यस अध्ययनले भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष परिष्कार र परिमार्जन गर्न सहयोग गर्दछ ,
- वर्तमान पाठ्क्रमले तोकेको तथा पाठ्यपुस्तकमा समावेश विषयवस्तुको मूल्याङ्कन गर्न,
- भाषिक सिपसँग सम्बन्धित अनुसन्धान गर्न भावी पुस्तालाई सहयोग गर्दछ ,
- भाषा पाठ्यपुस्तक निर्माण गर्दा भाषिक सिपसँग सम्बन्धित विषयको छनोट गरी विद्यार्थीको क्षमता र रुचिलाई मध्यनजर गरी पाठ्यपुस्तक निर्माण गर्न सचेत गराउनेछ ।

### ८.३.२ प्रयोगात्मक तह

प्रस्तुत अध्ययनको प्रयोगात्मक तहमा हुने उपयोगिता यसप्रकार रहेका छन् :

- प्रस्तुत अध्ययनले शिक्षणमा विभिन्न बौद्धिक विकासका कार्यक्रम सञ्चालन गरी शिक्षण गर्नुपर्ने विषयमा सहयोग गर्दछ ,
- प्रस्तुत अध्ययनले विद्यालय तह देखि नै बुँदाटिपोटमा जोड दिएर शिक्षण गर्नुपर्ने विषयमा जानकारी गराउँदछ,
- सबै विद्यार्थीमा बुँदाटिपोट गर्ने क्षमता समान नहुने कारणको खोजी गर्न सहयोग गर्दछ,
- माध्यमिक तहमा बुँदाटिपोटको महत्त्वबारे प्रस्ट पार्दै लेखाइ सिपको विकास गर्न सहयोग गर्दछ,
- बुँदाटिपोट शिक्षणका लागि शिक्षकले प्रभावकारी शिक्षण योजना निर्माण गरी शिक्षण गर्न सहयोग गर्दछ
- शिक्षकले विद्यार्थी केन्द्रित विधिमा जोड दिएर शिक्षण गर्नका लागि स्पष्ट पार्नेछ ,
- व्यक्तिको सिर्जनात्मक मौलिक क्षमता, बौद्धिक विकास लगायत वर्णविन्यास, विषयवस्तुको संयोजन, क्रमबद्धता विषयवस्तुको शुद्धताई सही रूपमा पहिचान गर्नका लागि सहयोग गर्दछ,
- विद्यार्थीहरूलाई चिन्तनशील भएर कुनै पनि विषयको अध्ययन गर्न सहयोग गर्दछ ।

### ८.३.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

भावी अनुसन्धानका सम्भावित शीर्षकहरू निम्नानुसार रहेका छन् :

१ धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्याथीहरूको सारांश लेखन क्षमताको अध्ययन

२ धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको लैङगिक आधारमा तुलनात्मक अध्ययन

३ धनकुटा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको भाषिक सिप विकासमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक अध्ययन

# सन्दर्भ सूची


अनिवार्य नेपाली विषय स्थायी समिति, (२०६६) *अनिवार्य शिक्षण निर्देशिका,* ललितपुर : साझा प्रकाशन ।

कोइराला, प्रदिप (२०७३), *सिन्धुपाल्चोक जिल्लाको कक्षा नौमा अध्यययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

गौतम, पवित्रा (२०६७), *कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम .के. पब्लिसर्स ।

निरौला, फणीन्द्रनाथ र निरौला लेखप्रसाद, (२०७३) *अनिवार्य नेपाली,* काठमाडौं : निमा पुस्तक प्रकाशन ।

न्यौपाने, श्रीराम (२०६७), *अनिवार्य नेपाली,* काठमाडौ : पैरवी प्रकाशन ।

न्यौपाने, प्रतिभा, (२०७३), *काभ्रे जिल्ला कक्ष नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

निरौला, बलराम, (२०७३), *तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पुन, पुष्पा, (२०७३), *रुकुम जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण (२०६६) *नेपाली बृहत शब्दकोश, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।*

पोखरेल, छलादेवी, (२०६६), *कक्षा आठ उत्तीर्ण गरेका विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद, (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, विष्णुबहादुर (२०७२), *बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

राई, मनिला (२०७३), *इलाम जिल्लाका कक्षा नौँमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शाही, बिजुकुमारी (२०७१), *जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

श्रेष्ठ, दयाराम र अन्य (२०७३), *स्नातक तह सुबोध अनिवार्य नेपाली,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

# परिशिष्ट क

विद्यालयको नामः मितिः

विद्यार्थीको नामः पूर्णाङ्कः

कक्षाः उत्तीर्णाङ्क

समयः ४५ मिनेट

तलका अनुच्छेद पढी मुख्य मुख्य बुँदा टिप्नुहोस् ।

शरीरमा लाग्ने रोगलाई सानो सम्झनुहुँदैन । सानम सानो सम्झँदा त्यही रोग बल्भेर ठूलो हुन्छ । हिजोआज ठूला प्रकृतिका रोगहरू त सामान्य बनिसकेका छन् । यसको उदाहरणमा रक्तचाप, मधुमेहलाई लिन सकिन्छ । रक्तचापबाट ग्रसित व्यक्तिको सङ्ख्या ठूलो छ । यस पछि मधुमेहको सङ्ख्या बढ्दो छ । यस रोगलाई मन्द विषका रूपमा लिइन्छ । मधुमेहले शरीरका अन्य भागहरूको साथै आँखाके दृष्टिपर्दाका साथै रक्त नशाहरूमा असर पुऱ्याई दृष्टि कमजोर पार्नुका साथै व्यक्तिलाई अन्धो समेत बनाउँछ । यसर्ला डाइबेटिक र रेटिनापेथी भनिन्छ । रेर्टिना आँखाको दृषटि भागमा रहेको दृष्टिका लागि अत्यन्तै महत्त्वपूर्ण स्नायु तन्तुले बनेको पारदर्शी भिल्ली हो । जसलाई नाङ्गो आँले देख्न सकिँदैन । मधुमेहको असरले गर्दा रेटिनामा रक्तश्राब हुन्छ र चिल्लो पदार्थ जम्मा हुन्छ । समयमै उपचार नभए नयाँ नयाँ रत्तनसा नृद्धिका साथै अत्याधिक रत्तश्राप हुने, पर्दा खुम्चने, उप्कने र जलविन्दुका समस्या भई सधैँका लागि दृष्टि गुम्ने खतरा पनि त्यतिकै हुन्छ । सुरुको अवस्थामा बिरामीको कुनै पनि लक्षण देखिँदैन , तर दृष्टि धमिलो हुँदा रेटिनामा धेरै असर तथा क्षति भइसकेको हुन्छ, जसबाट दृष्टि बाचउन धेरै नै गाह्रो हुन्छ । डाइबेटिक रेटिनापेथिका कारण मधुमेह भएको १५ वर्षका अवधिमा २ प्रतिशत बिरामी दृष्टिबिहिन हुने र १० प्रतिशत ज्यादै न्युन दृष्टि हुने गरेको देखिइएको छ ।

१) ..........................................................................................

२)........................................................................................

३)...........................................................................................

४)...........................................................................................
..........................................................................................

# परिशिष्ट ख

## छनोटमा परेका विद्यालयको विवरण

सामुदायिक विद्यालय

१ जनता मा. वि. महालक्ष्मी नगरपालिका ७ जितपुर, धनकुटा

२ जनता मा. वि. महालक्ष्मी ८ निगाले, धनकुटा

३ मूर्तिमहेश्वर मा. वि. महालक्ष्मी ९ कोलचौर, धनकुटा

४ राम उच्च मा. वी. महालक्ष्मी ९ धनकुटा

५ सिंहदेवि मा. वी. आहाले मूर्तिढुङ्गा २ धनकुटा

संस्थागत विद्यालय

१ तम्मरभेल्ली मेमोरियल वोर्डिङ स्कुल, धनकुटा ७

२ तुलसीमेहर बोर्डिङ् स्कुल, धनकुटा ७

३ दीप माध्यमिक बोर्डिङ स्कुल, धनकुटा ६

४ धनकुटा अङ्ग्रजी वोर्डिङ स्कुल, धनकुटा ५

५ बालसंसार वोर्डिङ् स्कुल धनकुटा ६

# परिशिष्ट ग

## छनोटमा परेका विद्यार्थीहरूको प्राप्ताङ्क

| विद्यालयको नाम | विद्यार्थीको नाम | परीक्षणीय शीर्षकमा प्राप्ताङ्क | | | | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|
| | | विषयवस्तु | क्रमबद्धता | शुद्धता | मुख्य भाव | मौलिकता | समापन | |
| जनता उच्च मा.वि. जितपुर | जितेन पराजुली | ४ | ४ | २ | ७ | ३ | ५ | २५ |
| | विनोद याखा | ७ | ६ | ३ | ९ | २ | ६ | ३३ |
| | श्यामकुमारी मगर | ७ | ५ | ३ | ७ | ३ | ४ | २८ |
| | शर्मिला कार्की | ८ | ८ | ३ | ९ | २ | ६ | ३६ |
| | शिसम लिम्बु | ८ | ९ | ३ | १० | ३ | ७ | ४० |
| | सरला लिम्बु | ७ | ७ | ३ | १० | ४ | ६ | ४० |
| | सरोज भण्डारी | ४ | ६ | २ | ८ | ३ | ५ | २८ |
| | सुनिता मगर | ५ | ७ | २ | ८ | ३ | ७ | ३५ |
| | हिमा बराइली | ७ | ७ | २ | ८ | ३ | ५ | ३२ |
| | हेमन्त मगर | ८ | ७ | ३ | ८ | ३ | ६ | ३५ |
| जनता माध्यमिक विद्यालय | कमला दाहाल | ५ | ५ | ३ | ९ | ३ | ५ | ३१ |
| | गोमा मगर | ८ | ८ | ४ | १० | ४ | ५ | ४० |
| | टङ्क ब. कार्की | ७ | ६ | ३ | ९ | ३ | ५ | ३३ |
| | पूजना मगर | ६ | ६ | २ | ७ | १ | ५ | २५ |
| | दीपक | ६ | ८ | ३ | ९ | २ | ६ | ३५ |
| | रोशन भण्डारी | ५ | ६ | २ | ८ | ३ | ६ | ३० |
| | श्याम कार्की | ५ | ८ | २ | ७ | ३ | ५ | ३२ |
| | सुमी वि.क. | ८ | ५ | ४ | ८ | ३ | ७ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुस्मिता मगर | ८ | ७ | ३ | ९ | ४ | ६ | ३८ |
| | हरि निरौला | ४ | ४ | ३ | ७ | ३ | ५ | २६ |
| | ग्रीष्मा वि.क. | ५ | ६ | २ | ६ | २ | ५ | २६ |
| | दीपक वि.क. | ५ | ३ | २ | ८ | २ | ४ | २६ |
| | प्रशान राई | ८ | ८ | ३ | १० | ३ | ६ | ३८ |
| मुर्तिमहेश्वर माध्यमिक विद्यालय | विनिता मादेन | ७ | ५ | ३ | १० | ३ | ६ | ३५ |
| | रेशम लिम्बु | ६ | ७ | ३ | ८ | ३ | ४ | ३१ |
| | रेविका श्रेष्ठ | ७ | ४ | १ | ८ | २ | ४ | २६ |
| | सम्झना मगर | ७ | ७ | ३ | १० | ३ | ५ | ३५ |
| | सुनिल राई | ८ | ६ | २ | १० | ४ | ५ | ३५ |
| | सुशीला मगर | ७ | ७ | ३ | १० | ४ | ७ | ३८ |
| | सौगात तामाङ | ५ | ५ | १ | ९ | ३ | ६ | ३५ |
| राम उच्च माध्यमिक विद्यालय | अमृता तामाङ | ७ | ५ | २ | १० | ४ | ६ | ३५ |
| | कोमल श्रेष्ठ | ८ | ७ | ३ | १० | ४ | ५ | ३८ |
| | पूजा मादेन | ९ | ७ | २ | ११ | ३ | ६ | ३८ |
| | तारा मादेन | ९ | ९ | ४ | १० | २ | ६ | ४० |
| | तारा श्रेष्ठ | ९ | ७ | ३ | ९ | ३ | ६ | ३७ |
| | तारा श्रेष्ठ | ९ | ७ | ३ | ९ | ३ | ६ | ३७ |
| | दिलिप पौडेल | ६ | ९ | २ | ९ | ३ | ६ | ३६ |
| | विक्रम मादेन | ९ | ८ | २ | ११ | ३ | ७ | ४१ |
| | मौसम मादेन | ६ | ७ | १ | १० | ४ | ६ | ३५ |
| | सिर्जना मादेन | ८ | ८ | ३ | ९ | ४ | ६ | ३६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिंहदेवी माध्यमिक विद्यालय | एलेस काफ्ले | ४ | ५ | १ | ८ | २ | ५ | २५ |
| | कल्पना विष्ट | ५ | ४ | २ | ८ | ३ | ५ | २७ |
| | प्रेम वानिया | ४ | ४ | २ | ७ | ३ | ५ | २५ |
| | फुलमाया बाँनिया | ४ | ७ | २ | ८ | ३ | ६ | ३० |
| | विनोद वानिया | ५ | ५ | २ | ७ | ४ | ५ | २८ |
| | विमला तामाङ | ९ | ८ | २ | १० | ३ | ६ | ४० |
| | युवराज भण्डारी | ८ | ८ | ३ | ११ | ४ | ७ | ४० |
| | सागर काफ्ले | ६ | ६ | २ | ८ | ३ | ५ | ३० |
| | सविना भण्डारी | ८ | ५ | १ | ९ | २ | ६ | ३० |
| | सविता कार्की | ९ | ९ | २ | ११ | ३ | ६ | ४० |
| तमोर भेली मेमोरियल बोर्डिङ स्कूल धनकुटा | अरुन राई | ६ | ८ | ३ | ८ | ३ | ६ | ३५ |
| | उपेन्द्र तामाङ | ६ | ६ | २ | ८ | ३ | ५ | ३० |
| | प्रिया भण्डारी | ८ | ८ | ४ | १० | ३ | ६ | ४० |
| | बविता पौडेल | ५ | ६ | २ | ८ | २ | ४ | २८ |
| | महेन्द्र कार्की | ६ | ६ | २ | ८ | ३ | ५ | ३० |
| | रविन राई | ७ | ७ | ४ | १० | ३ | ६ | ४० |
| | लक्ष्मण कार्की | ८ | ६ | ३ | ८ | १ | ४ | ३० |
| | सुनीता लिम्बू | ९ | ८ | ३ | ११ | ४ | ७ | ४१ |
| | सुरेन मगर | ६ | ४ | २ | ८ | २ | ४ | २८ |
| | सौगात वि.क. | ५ | ७ | २ | ७ | १ | ५ | २८ |
| तुलसी मेहर बोर्डिङ स्कूल | आयुष्मा मगर | ८ | ८ | ३ | ११ | ४ | ६ | ४० |
| | सौगात तामाङ | ७ | ६ | २ | ९ | १ | ४ | ३४ |
| | पार्वती लावती | ७ | ८ | २ | ९ | ३ | ५ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रुविना कार्की | ९ | ८ | ३ | ११ | ३ | ७ | ४१ |
| | सम्झाना तामाङ | ६ | ६ | १ | ८ | ३ | ७ | ३३ |
| | साइमन खड्का | ७ | ८ | ३ | ९ | २ | ६ | ३५ |
| | सुवास मगर | ८ | ९ | ३ | ११ | ३ | ६ | ४० |
| | सुरेश ढकाल | ५ | ७ | २ | ९ | ० | ५ | ३४ |
| | सीता भण्डारी | ६ | ५ | ३ | ९ | २ | ४ | २९ |
| | हरि राई | ६ | ५ | ३ | ८ | ३ | ४ | २९ |
| | अनुप दाहाल | ७ | ८ | २ | ९ | ३ | ६ | ३५ |
| | प्रज्वल पौडेल | ५ | ४ | १ | ७ | ३ | ५ | २५ |
| | विपिन रसाइली | ७ | ६ | २ | ८ | ३ | ५ | ३० |
| | भीमा तामाङ | ६ | ७ | १ | ८ | २ | ६ | ३० |
| | श्वेता राई | ६ | ७ | २ | ९ | २ | ६ | ३२ |
| दीप बोर्डिङ स्कूल | श्वेता पोखरेल | ८ | ८ | ३ | ११ | ४ | ७ | ४० |
| | रुमी राई | ७ | ८ | ३ | ९ | ३ | ५ | ३५ |
| | विपिन रसाइली | ६ | ७ | २ | ९ | २ | ६ | ३२ |
| | श्रेया चौधरी | ७ | ६ | २ | ८ | ३ | ५ | ३० |
| | सरीना बुढाथोकी | ७ | ६ | २ | ८ | ३ | ५ | ३० |
| छनकुटे बोर्डिङ स्कूल छनकुटा | आकृति थापा | ८ | ९ | ४ | ११ | ३ | ६ | ४१ |
| | अस्मिता ठाडा मगर | ८ | ९ | ४ | ११ | ३ | ६ | ४१ |
| | आशीष लिम्बु | ८ | ७ | ३ | १० | २ | ५ | ३५ |
| | कविता ढुङ्गेल | ९ | ९ | ३ | ११ | ३ | ७ | ४२ |
| | विशाल राई | ७ | ६ | ३ | १० | २ | ५ | ३३ |
| | सन्सार राई | ९ | ९ | २ | ११ | ३ | ५ | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्ध राई | ७ | ७ | ३ | १० | २ | ६ | ३५ |
| | सृष्टि राई | ९ | ९ | ३ | ११ | ३ | ५ | ४० |
| | समीक्षा खवास | ८ | ८ | ३ | १० | २ | ६ | ३८ |
| | समिप गिरी | ५ | ७ | २ | ९ | २ | ४ | २८ |
| बलसंसार बोर्डिङ स्कूल | गणेश अधिकारी | ७ | ५ | १ | ६ | ० | ६ | २६ |
| | विपिन मल्ल | ९ | ९ | ३ | ११ | ३ | ६ | ४० |
| | विश्वास बराइली | ८ | ८ | २ | १० | ३ | ४ | ३६ |
| | रिमा कार्की | ९ | ८ | २ | १० | २ | ४ | ३५ |
| | सम्झना भण्डारी | ५ | ४ | १ | ८ | ३ | ६ | २८ |
| | सरोज केसी | ६ | ७ | १ | ९ | २ | ५ | ३० |
| | सुमन लिम्बू | ९ | ९ | ३ | ११ | ३ | ६ | ४० |
| | सृजन खड्का | ४ | ६ | १ | ७ | २ | ५ | २५ |
| | सृजना मगर | ६ | ७ | २ | ८ | २ | ५ | ३० |
| | हिक्मत राई | ४ | ५ | १ | ८ | २ | ५ | २५ |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | ललिता मादेन |
| स्थायी ठेगाना | : | मूर्तिढुङ्गा-३, धनकुटा |
| नागरिकता | : | नेपाली |
| भाषा | : | नेपाली |
| बाबुको नाम | : | देशबहादुर मादेन |
| आमाको नाम | : | दिलमाया मादेन |
| धर्म | : | हिन्दू |
| शैक्षिक योग्यता | : | एम.एड. |
| सम्पर्क नं. | : | ९८०४३४९१३२ |

शैक्षिक योग्यता

| तह | शिक्षण संस्था | उत्तीर्ण साल | श्रेणी |
|---|---|---|---|
| एस.एल.सी. | श्री राम मा.वि., गणेशटार | २०६३ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | २०६६ | द्वितीय |
| स्नातक | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | २०६९ | द्वितीय |
| स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं | २०७४ | |